# खोजतलास


www.khojtalashonline.com

राष्ट्रिय साप्ताहिक

वर्ष २६ अंक १५ ◆ ४ फागुन २०७९, बिहीबार (16 February, 2023 Thursday) ◆ नेपाल सम्बत ११४३

मूल्य रु २०/-


## रामचन्द्र राष्ट्रपति बन्न सक्ने



काठमाडौं । राष्ट्रपति निर्वाचन नजिकिदै गर्दा पात्रहरुबारे छलफल बढेको छ । राष्ट्रपतिमा राष्ट्रिय सहमतिको विषय उठाउँदै नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले एक तीरबाट दुई शिकार गर्न खोजेका छन् । उनी राष्ट्रपति चुनावमा आफू निर्णायक शक्ति बनेर सत्ता सकेसम्म पाँच वर्ष नै चलाउने माहोल बनाउन खोज्दैछन् । अर्कोतर्फ, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको शक्तिलाई सिमित बनाउन खोज्दैछन् । प्रचण्ड कुनै हालतमा ओलीले चाहेका व्यक्तिलाई राष्ट्रपति बन्न नदिने गरी लागिसकेका छन् । बरु नेपाली काँग्रेससँग नयाँ गठबन्धन बनाउने गरी प्रचण्डको चाल बढिसकेको छ । यसका लागि उनले भित्रभित्रै छलफल चलाइरहेका छन् ।

गत शनिबार प्रचण्डले केपी ओलीलाई भेटेपछि भेट्रान वामपन्थी नेता वामदेव गौतमलाई पनि भेटे । उक्त भेटमा प्रचण्डले काँग्रेसलाई राष्ट्रपति दिनेबारे छलफल गरेको विश्वस्त स्रोतले

बाँकी सातौं पृष्ठमा

## सरकार, संसद र सडकमा राजावादी, पूर्वराजा ज्ञानेन्द्र खुलेरै आए

काठमाडौं । राष्ट्रिय प्रजातन्त्र पार्टी राजसंस्था पक्षधर दल हो । उसले यही मुद्दाले उल्लेख्य मत हासिल गरेको छ यसपटक । तर, पूर्वराजा ज्ञानेन्द्र शाह भने राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनको गृह जिल्ला झापामा आयोजित एक राजनीतिक कार्यक्रममा पहिलो पटक मञ्चमै देखिए, त्यो पनि छोरा पारस र छोरी प्रेरणालाई दायाँबायाँ राखेर । झापाका दुर्गा प्रसाईंको अभियानमा पूर्वराजाको उपस्थितिबारे विभिन्न टिकाटिप्पणी भइरहेको छ । तर, पूर्वराजाले आफूलाई सक्रिय बनाएबाट राजावादीहरु भने उत्साही छन् ।





माओवादीले १७ वर्षअघि जनवादी गणतन्त्र स्थापनाका लागि भन्दै जनयुद्ध सुरु गरेकै दिन फागुन १ पारेर पूर्वराजा ज्ञानेन्द्र शाह पहिलो पटक राजनीतिक मञ्चमा देखिनुले तरंग ल्याइसकेको छ । बेला बेलामा आफ्ना अभिव्यक्तिमा राजनीतिक रङ्गहरु मिसाए पनि पूर्वराजा ज्ञानेन्द्र शाहले खुलेरै राजनीतिक गतिविधिहरु भने गरेका थिएनन् । पहिलोपटक राजनीतिक मञ्चमा पूर्वराजाको सहभागिता गणतन्त्रवादीका लागि चुनौती पनि हो । मेची पुलबाट सुरु गर्ने भनिएको अभियान एक किलोमिटर परबाटै सुरु गरिएको थियो । तर, अभियानका माध्यमले पूर्वराजाले आफू अब चुप लागेर नबस्ने सन्देश दिन खोजेका छन् ।

झापामा राजावादीहरुको उल्लेख्य उपस्थिति देखिएको थियो जसमध्ये पूर्वमन्त्री केशरबहादुर बिष्ट पनि देखिए । सञ्चारकर्मी रमा सिंह पनि मञ्चमा सक्रिय भइन् । संसदमा यतिबेला राजसंस्थासहितको हिन्दुराष्ट्रको पक्षधर राष्ट्रिय प्रजातन्त्र पार्टी बलियो अवस्थामा छ । सरकारमा समेत राजावादीको सहभागिता रहँदा पूर्वराजा ज्ञानेन्द्र शाहको सक्रियता ह्वात्तै बढेको हो । एकातर्फ प्रधानमन्त्री प्रचण्ड राप्रपाका मन्त्रीहरुलाई गणतन्त्र विरोधी

बाँकी सातौं पृष्ठमा

## प्रचण्डले शक्ति फैलाउँदै



काठमाडौं । नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड शक्ति बढाउँदै लाने रणनीतिमा छन् । उनले यसका लागि रणनीतिक चार्तुयता देखाइरहेका छन् । प्रचण्ड नेतृत्वको तत्कालीन नेकपा माओवादी पहिलो पटक चुनावमा होमिदा पहिलो संविधान सभाको चुनावमा पहिलो दल बनेको थियो । त्यति बेला २९ प्रतिशत मत प्राप्त गरेको थियो । त्यसपछि भएका चुनावमा उसको मत प्रतिशत लगातार घट्दै मंसिरमा सम्पन्न प्रतिनिधि सभा चुनावमा ११ प्रतिशतमा आइपुगेको छ । निरन्तर पार्टी ओरालो लागेपछि अध्यक्ष प्रचण्डले नाम समेत फेरेर संरचनामै परिवर्तन गर्ने तयारी थालेका छन् ।

माओवादी अध्यक्ष प्रचण्डले रणनीतिक चार्तुयताका साथ प्रधानमन्त्रीमा बाजी मारे पनि मतका हिसाबले उनको दलको शक्ति घटिरहेको छ । डेढ दशक अघि २९ प्रतिशत मत ल्याएको दल अहिले ११ प्रतिशतमा खुम्चिएको छ । पार्टीलाई संगठित र बलियो नबनाए अर्को चुनावसम्म निकै कमजोर भइसक्ने देखेर होला उनी नयाँ कदम चाल्दै छन् । अकस्मात् निर्णय लिने शैलीका प्रचण्डले पार्टी स्थायी कमिटी बैठकबाट नेकपा माओवादी केन्द्रको नाम र चुनावचिन्ह नै फेर्ने

बाँकी सातौं पृष्ठमा

## सरकारभित्रै अविश्वास, नयाँ सम्भावनाको संकेत

काठमाडौं । सरकारमा रहेका दलहरुबीच अविश्वास बढ्दै गएको छ । फरक सिद्धान्त र उद्देश्यका दलहरु सरकारमा रहनुले दुई महिना नबित्दै टकराव बढेर गएको छ । यसले राजनीतिमा नयाँ सम्भावनाको संकेतहरु देखिएको छ । सत्ता गठबन्धनभित्र अविश्वास बढ्दै गए पनि प्रधानमन्त्री प्रचण्ड नआत्तिनुलाई रोचक मानिएको छ । यसले उनी वैकल्पिक गठबन्धनतर्फ त मोडिन खोजिइरहेका छैनन् ? चासो बनेको छ ।

प्रधानमन्त्री बन्नका लागि नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले नेपाली काँग्रेससँगको गठबन्धन अचानक तोडे र बालकोट पुगेर नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओलीसँग भद्र सहमति गरे । सहमतिअनुसार सभामुखको निर्वाचनसम्म त काम भयो तर राष्ट्रपतिको चुनावमा के होला ? आमचासो छ । राष्ट्रिय स्वतन्त्र पार्टीले सरकार छाडिसकेको छ । रवि लामिछानेको बटमलाइन फेरि उपप्रधान सहित गृहमन्त्री थियो जसलाई पूरा गर्न प्रचण्ड तयार भएनन् । नेपाली काँग्रेस र नेकपा एकीकृत समाजवादी पार्टीले समेत विश्वासको मत दिएकाले प्रचण्ड ढुक्क देखिन्छन् । त्यसैले रविको सरकारबाट बर्हिगमनले उनलाई कुनै आपत परेन । पछिल्लो समय नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टी समेत बिच्किदै गएका छन् । जनमत पार्टी सरकारमा सामेल भए पनि कुनै पनि बेला छाड्ने अवसर कुरिरहेको देखिन्छ । जनमत पार्टीले त खुट्टा उचालिसकेको छ ।

नागरिक उन्मुक्ति र जनमत पार्टीका मागहरु पूरा गर्न प्रचण्ड खासै गम्भीर देखिन्दैनन् । अर्कोतर्फ, नागरिक उन्मुक्तिले आफूहरुलाई सरकारमा सामेल ठूला दलले बेवास्ता गरेको बताउन थालिसकेको छ । प्रचण्डको बेवास्ता नेकपा एमालेप्रति पनि बढ्दै गएको छ । ओलीसँग उनको सम्बन्ध विगतमा जस्तो छैन । राष्ट्रिय प्रजातन्त्र पार्टीबाट मन्त्री भएकाहरुलाई त उनले संघीयता र गणतन्त्रविरुद्ध नबोल्न चेतावनी नै दिइसके । प्रधानमन्त्री बन्दा उनले राप्रपाको राजसंस्थासहितको हिन्दूराष्ट्रको एजेण्डा रहेको बुझेकै

बाँकी सातौं पृष्ठमा

## रविको राहदानीसम्बन्धी जाहेरी दर्ता गर्नुपरेन : सरकारी वकिल



काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने विरुद्धको जाहेरी दर्ता गर्नुनपर्ने निश्कर्ष निकालेको छ ।

लामिछानेले झुटो विवरण दिएर राहदानी लिएको भन्दै सिन्धुलीका युवराज पौडेल (सफल) ले जिल्ला प्रहरी परिसर काठमाडौंमा जाहेरी दिएका थिए । तर प्रहरीले लामिछानेको नागरिकता मुद्दाको फैसलाको पूर्णपाठ सर्वोच्च अदालतबाट आइनसकेको भन्दै दर्ता गर्न अस्वीकार

बाँकी सातौं पृष्ठमा

## सुन तस्करको अखडा बन्दै बौद्ध, संरक्षण गर्दै प्रहरी !

काठमाडौं । गत पुस महिनामा भएको ६५ किलो सुन तस्करी काण्ड बारे माघको पहिलो हप्तामा विभिन्न संचार माध्यमले समाचार प्रकाशित गरेपछि यो काण्डले प्रहरीमा ठूलै हलचल मच्चिएको छ ।

प्रहरी संगठनमा ठूलै हलचल मच्चिए पनि सो सुन तस्करी काण्डमा मुछिएकाहरुलाई प्रहरीले पक्राउ गरी आवश्यक कारबाहीको दायरामा ल्याउन नसक्नु भनेको प्रहरीमाथि नै यतिबेला विश्वसनीयताको प्रश्न उठेको छ ।



सिन्धुपाल्चोकको बाह्रबिसेमा भएको ६५ किलो सुन काण्डको अनुसन्धान सिन्धुपाल्चोक प्रहरीले फितलो अनुसन्धान गरेपछि बागमती प्रदेश प्रहरी प्रमुख डीआईजीको पनि त्यतातर्फ ध्यान केन्द्रित भएको थियो । त्यसको लगत्तै बागमती प्रदेश प्रहरीले एक विशेष टोली

बाँकी सातौं पृष्ठमा

## वित्तिय क्षेत्रको ब्याज आतंक

काठमाडौं । नेपालमा अहिले नयाँ आतंक सृजना भएको छ । ऋण लिंदा ७ प्रतिशतमा लिनेहरु १४ प्रतिशतभन्दा बढी तिर्न वाध्य हुँदाको आतंक ।

एकातर्फ, अन्तराष्ट्रिय आर्थिक मन्दी, कोभिड पछि थलिएको अर्थतन्त्र त्यसमा पनि बैंकहरुको ज्यादतीले आफूहरु बाध्यात्मक स्थितिमा पुगेको भन्दै निजि उद्योगी तथा व्यवसायीहरु आन्दोलित बनेका छन् । बैंकहरुको सिमित व्यक्तिको हातमा देशको अर्थतन्त्रको तालाचाबी रहनुका साथै चर्को ब्याजदरले उत्पादन क्षेत्रान लागेर रोजगारी सृजना गर्नेहरु मारमा परेका छन् । त्यसमाथि पनि साना उद्योगी व्यवसायीले बढी समस्या झेल्नु परिरहेको छ । उनीहरु ऋणमा डुब्दै जाँदा देशैभरबाट आन्दोलनमा उत्रिने अवस्थामा पुग्न लागिसकेका छन् ।

देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको उद्योग व्यवसाय धराशाही बन्दै गएको छ । ऋण कुनै बेला लगानी मानिन्थ्यो जसले पूँजी वृद्धि गर्दथ्यो । अहिले त्यो नै बोझबन्दै गएको छ । उद्योगी व्यवसायीहरु पेशाबाट पलायन हुने अवस्था आउन थालिसकेको छ । बैंक तथा वित्तीय क्षेत्रको ऋणीप्रति गलत निति रहेको भन्दै व्यवसायीहरुमा असन्तुष्टि चुलिइरहेको छ । अर्थतन्त्र धरासयी बन्ने अवस्थामा पुग्दा पनि बैंकहरु नाफामुखी बन्न खोजेको र

बाँकी सातौं पृष्ठमा

## बल प्रयोग गर्न नहिच्किचाउनू : आईजीपी



काठमाडौं । प्रहरी महानिरीक्षक धीरजप्रताप सिंहले प्रहरी कर्मचारी जुनसुकै बेलामा शान्ति सुरक्षा अमनचयनका लागि आवश्यक तयारीमा रहनु पर्ने बताएका छन् ।

काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरी र मातहतका प्रहरी कार्यालयका प्रमुखहरूलाई बुधबार प्रहरी प्रधान कार्यालयमा निर्देशन दिँदै उनले कुनै पनि अपराधका घटना हुन नदिन

बाँकी सातौं पृष्ठमा

## आईजी बढुवामा बिचौलियाको चलखेल

काठमाडौं । विगतदेखि नेपाल प्रहरीको नेतृत्व परिवर्तन हुने केही महिनादेखि ठूलै चलखेल हुँदै आइरहेको छ । विशेष गरी चलखेल गर्नेहरुमा बिचौलिया नै बढी हाबी हुने देखिन्छ ।

नेपाल प्रहरीमा अबको एक महिनापछि नेतृत्व परिवर्तन हुँदैछ । नेपाल प्रहरीमा नेतृत्व परिवर्तनको नजिकिँदै गर्दा बिचौलियाहरु शक्तिकेन्द्र धाई कसलाई नेतृत्वमा लाने भन्ने मोलमोलाईमा व्यस्त रहेको स्रोतले दाबी गरेको छ । ती बिचौलियाहरु प्रधानमन्त्री निवास बालुवाटारमा कसलाई नेपाल प्रहरीको नेतृत्वमा ल्याउने भन्ने बारे ठूलै चलखेल सुरु भइसकेको स्रोतले दाबी गरेको छ । प्रधानमन्त्री प्रचण्ड निटक बिचौलियाहरुको दवावमा आइजिपी नियुक्तिमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' 'आइजिपी काण्ड'मा फस्ने त होइनन् भन्ने चर्चा पनि चलेको छ ।

विगतमा पनि प्रचण्ड प्रधानमन्त्री भएकै बेला नेपाल प्रहरीको आइजिपीको नियुक्तिमा अनावश्यक चलखेल गर्दा प्रचण्ड चरम विवादमा परेका थिए । पहिलो वरियतामा रहेका नवराज सिलवाल र प्रकाश अर्याललाई छाडेर जयबहादुर चन्दलाई आइजिपी नियुक्त गरेपछि ठूलै विवाद भयो । सरकारले गरेको नियुक्तिलाई सर्वोच्च अदालतले उल्टाइदिएको थियो ।

सोही विवादमा तत्कालिन प्रधानन्यायधीश सुशीला कार्कीलगायतमाथि महाअभियोगलगायतका विवादले सरकार

बाँकी सातौं पृष्ठमा






मुलुकभर घटेको घटना सबैभन्दा छिटो सूचना पाउन लग अन गर्नुहोस्

www.khojtalashonline.com

कुनै सूचना भए khojtalashdainik@gmail.com मा ईमेल गर्नुहोला ।

खोजतलास
www.khojtalasnews.com
राष्ट्रिय साप्ताहिक

# योग एउटा अखण्ड विद्या हो



**योगाचार्य गणेश गैरे**
(एम एस्सी योग थेरापि)



१. योग मूलतया एक आध्यात्मिक ज्ञान हो जुन एक अत्यन्त सूक्ष्म विज्ञानमा आधारित छ जुन मन र शरीरको बीचमा सम्बन्धित छ। योग स्वास्थ्य र स्वस्थ जीवन सम्बन्धि विज्ञानको कला हो। 'योग' शब्द संस्कृत शब्द 'युज' बाट व्युत्पन्न भएको हो, जसको अर्थ 'जोड्नु' वा 'मिल्नु' वा 'एकता हुनु' हो। योग र आयुर्वेद दुवै ऐतिहासिक रूपमा नजिक छन् र प्राचीन कालदेखि नै एक अर्काबीच रहेर विकसित भएका छन्। यौगीक पवित्र लेखहरूका अनुसार योगको कार्यले विश्वव्यापी चेतनाको साथ व्यक्तिगत चेतनाको मिलनलाई प्रेरित गर्दछ, मन र शरीर, मानिस र प्रकृतिको बीचमा एक आदर्श एकरूपता देखाउँदछ। आधुनिक वैज्ञानिकहरूले संकेत गरे अनुसार, ब्रह्माण्डमा भएका सबै चीजहरू समान सूक्ष्म कणहरुको वायुमण्डल ( क्वान्टम एटमस्फेर) को उपस्थिति मात्र हुन्। यस अस्तित्वको एकताको अनुभव गर्ने व्यक्तिलाई योगमा रहेको भनिन्छ, र मुक्ति, निर्वाण वा मोक्षको रूपमा संकेत गरिएको स्वतन्त्रताको अवस्था प्राप्त गरे योगी भनिन्छ। तसर्थ, योगको मुख्य उद्देश्य आत्म-साक्षात्कार गर्नु हो, 'मोक्षको अवस्था' (मोक्ष) वा 'स्वतंत्रता' (कैवल्य) लाई प्रेरित गर्ने सबै प्रकारका दुःखहरू हटाउनु । जीवनका सबै पक्षहरूमा स्वतन्त्रताका साथ बाँच्नु, स्वास्थ्य र सद्भाव योग अभ्यासको मुख्य केन्द्रविन्दु हो । "योग" ले त्यसै गरी आन्तरिक विज्ञानलाई पनि संकेत गर्दछ जसको माध्यमबाट मानिसहरूले यो मिलनलाई बुझ्न र आफ्नो भाग्यमाथि अधिकार हासिल गर्न सक्छन् । ईशा पूर्ब २७०० तिर फर्किएर हेर्दा योगलाई सामान्यतया सिन्धु सरस्वती उपत्यका सभ्यताको 'अमर सांस्कृतिक परिणाम' मानिन्छ, मानवताको भौतिक र आध्यात्मिक उत्थान दुवैलाई ध्यानमा राखेर प्रमाणित गरेको छ । आधारभूत मानवीय मूल्यहरू नै योग साधनाको पहिचान हुन् । योगको महत्व धेरै विशाल छ ।

तर विडम्बना योगलाई शारीरिक आसनहरूमा सीमित गरिदा योगको अवमूल्यन हुदै गइरहेकोछ, योग भनेको के साच्चिकै शारीरिक मुद्रा हो र ? यसको उत्तर पाउनको लागि हामीले पुरातन ग्रन्थहरूमा योगको परिभाषा बुझ्नुपर्छ । यी प्राचीन ग्रन्थहरूले योगको शक्तिशाली सन्देश दिइरहेका छन् जुन हामीले बुझेको भन्दा धेरै गहिरो छ । जुन निम्नानुसार छन् :

१. भगवद्गीता को अनुसार :- 'सिद्धासिद्धयो समोभूत्वा समत्वं योग उच्चते' अर्थात् दुःख-सुख, लाभ-अलाभ, शत्रु-मित्र, शीत र उष्ण आदि द्वन्दहरुमा सर्वत्र समभाव राख्नु योग हो ।

२. भगवद्गीता को अनुसार :- "तस्माद्दयोगाययुज्यस्व योगः कर्मसु कौशलम्" अर्थात् कर्तव्य कर्म बन्धक न होस्, यसकारण निष्काम भावना बाट अनुप्रेरित भएर कर्तव्य गर्ने कौशल नै योग हो ।

३. पातञ्जल योग दर्शनको अनुसार - "योगश्चित्तवृतिनिरोधः" अर्थात् चित्तको वृत्तिहरुको निरोध नै योग हो ।

४. सांख्य दर्शनको अनुसार :- 'पुरुषप्रकृत्योर्वियोगेपि योगइत्यमिधीयते,' अर्थात् पुरुष एवं प्रकृतिको पार्थक्यलाई स्थापित गरेर पुरुषको स्व- स्वरूपमा अवस्थित हुनु नै योग हो ।

५. विष्णुपुराणको अनुसार :- 'योगः संयोग इत्युक्तः जीवात्म परमात्मने' अर्थात् जीवात्मा तथा परमात्माको पूर्णतया मिलन नै योग हो ।

६. कठोपनिषदका अनुसार :- 'स्थिराम इन्द्रिय धारणाम्' अर्थात

इन्द्रियहरुको स्थिर धारणा अवस्था नै योग हो । इन्द्रियहरुको चंचलतालाई समाप्त गरेर उनीहरुलाई स्थिर गर्नु नै योग हो ।

७. योग वशिष्ठका अनुसारः-

'योग मन प्रशमान उपयाह' - मन पूर्ण शान्त र शान्त, उपाय, उपचारको रूपमा परिभाषित गर्नुभएको छ ।

योग मनलाई पूर्ण रूपमा स्थिर र शान्त बनाउनको लागि एक उपचार हो । हाम्रो मनको प्राकृतिक अवस्था शान्त छ र कुनै विचलित, अशांति, कठिनाइ र संकट बिना । यो प्राकृतिक अवस्थासम्म पुग्ने मार्ग नै योग हो ।

योगको दृष्टिकोण सरल छ । मन नियन्त्रण भएन भने शरीर पनि नियन्त्रणमा रहँदैन । मन स्वस्थ भएन भने शरीर स्वस्थ हुँदैन । नकारात्मक विचार र भावनाहरूले स्नायु प्रणाली र अन्य सबै अंगहरूको सन्तुलनमा बाधा पुऱ्याउँछ । यो शरीर र मनका सबै रोगहरूको कारण हो, त्यसैले शारीरिक र मानसिक स्वास्थ्यको लागि मनको नियन्त्रण आवश्यक छ । मन र शरीरको मेलमिलापका लागि सन्तुलित जीवनशैली आवश्यक छ । यो जीवनशैली प्रकृतिसँग जोडिएको छ र त्यसैले हाम्रो जीवनलाई प्रकृतिमैत्री बनाउनु स्वास्थ्यको लागि सकारात्मक उपाय हो । योग भनेको शरीर र मनलाई प्रकृति र जीवनशैलीसँग मिलाएर प्रकृतिसँग मिलाएर राख्नु हो ।

८. बौद्ध ग्रन्थको अनुसार :- 'कुशल चितैकग्गता योगः' अर्थात् कुशल चित्तको एकाग्रता नै योग हो ।

## २. योग को इतिहासः

योग विज्ञानको उत्पत्ति हजारौं वर्ष पहिले कुनै पनि धर्म र विश्वास प्रणालीको जन्म हुनुभन्दा धेरै अघि भएको थियो र योगको अभ्यास सभ्यताको प्रारम्भबाट सुरु भएको मानिन्छ । यौगीक कथामा, शिवलाई मुख्य योगी वा आदियोगी, र प्रमुख गुरु वा आदि गुरुको रूपमा हेरिन्छ भने क्रमिक रुपमा मच्छिन्द्रनाथ, गोरखनाथ हुदै बर्तमान सम्म आइपुग्छ ।

केही हजार वर्ष पहिले, तत्कालीन नेपालको उत्तरी हिमालयको कान्तिसरोवर तालको किनारमा, आदियोगीले आफ्नो महत्त्वपूर्ण ज्ञान पौराणिक सप्तर्षिहरू वा "सात ऋषिहरू" मा खन्याए । ऋषिहरूले यस प्रभावकारी योग विज्ञानलाई विश्वभर फैलाउने महान कार्य गरे । सिन्धु सरस्वती उपत्यका सभ्यताका सिलहरू र जीवाश्माहरूको संख्या यौगिक विचार प्रक्रियाहरू र योग साधना गर्ने व्यक्तित्वहरूले प्राचीन नेपाल तिब्बत भारतमा योगको शुरुवाती अभ्यास भएको कुरा पुष्टि गर्दछ । लिंग प्रतीकहरू, माता देवीका मूर्तिहरूको छापहरू तंत्र योगको सुझाव हुन् । योगको उपस्थिति लोक परम्परा, सिन्धु घाटी सभ्यता, वैदिक र उपनिषदिक सम्पदा, बौद्ध र जैन प्रथा, दर्शन, महाभारत र रामायणको गाथा, शैव, वैष्णव र तान्त्रिक रीतिरिवाजहरूमा पहुँचयोग्य छ । यसबाहेक, त्यहाँ एक आदिम वा अव्यवस्थित योग थियो जुन दक्षिण एशियाको रहस्यमय चलनहरूमा देखाइएको छ ।

यो समय थियो जब गुरुको तत्काल निर्देशनमा योग अभ्यास भइरहेको थियो र यसको आध्यात्मिक सम्मानलाई सर्वोच्च महत्त्व दिइयो । यो उपासनाको एक भाग थियो र योग साधना तिनीहरूको समारोहमा भित्रै थियो। वैदिक कालमा सूर्यलाई सबैभन्दा उल्लेखनीय महत्व दिइएको थियो । सूर्य नमस्कारको कार्य यस प्रभावका कारण पछि आविष्कार भएको हुन सक्छ। प्राणायाम दैनिक अनुष्ठान र अर्पण गर्नको लागी एक भाग थियो । पूर्व वैदिक कालमा योग अभ्यास भइरहेको तथ्यको बाबजुद पनि, महान् ऋषि महर्षि पतञ्जलिले योगका तत्कालीन विद्यमान अभ्यासहरू, यसको महत्त्व र यससँग सम्बन्धित जानकारीलाई आफ्ना योग सूत्रहरूद्वारा व्यवस्थित र वर्गीकृत गरेका थिए। पतञ्जलि पछि, धेरै ऋषि र योग गुरुहरूले आफ्नो राम्रो दस्तावेज अभ्यास र साहित्य मार्फत क्षेत्रको संरक्षण र विकासको लागि अविश्वसनीय रूपमा योगदान दिए ।

३. सम्भवतः ईशा पूर्व ५०० - ८०० ए डी. को अवधिलाई शास्त्रीय समय सीमाको रूपमा मानिन्छ जुन योगको इतिहास र प्रगतिको सबैभन्दा उर्वर र विशिष्ट अवधिको रूपमा पनि मानिन्छ । यस अवधिको बीचमा, योग सूत्र र भगवद्गीता आदिमा व्यासका टिप्पणीहरू अस्तित्वमा आए । यो अवधि मुख्य रूपमा नेपाल भारतका दुई महात्मा - महावीर र बुद्धलाई समर्पित गर्न सकिन्छ । पाँच अविश्वसनीय प्रतिज्ञाहरू - महावीर द्वारा पञ्च महाव्रत र अष्टमग्गा वा बुद्ध द्वारा अष्टमार्गको विचारलाई योग साधनाको प्रारम्भिक प्रकृति मान्न सकिन्छ । हामी भगवद्गीतामा यसको थप स्पष्टीकरण भेट्छौं जसले ज्ञान योग, भक्ति योग, राज योग र कर्म योगको विचारलाई गहन रूपमा प्रदर्शित गरेको छ । यी योगका महान मार्गहरु अझै पनि मानव बुद्धिको सबैभन्दा उल्लेखनीय केस हुन् र आज पनि मानिसहरूले पूर्विय दर्शनको महान ग्रन्थ गीतामा देखाइएका विधिहरू अपनाएर शान्ति खोज्छन् । पतञ्जलिको योगसूत्रमा योगका विभिन्न अंगहरू समावेश भएको बाहेक मुख्यतया योगको अष्टाङ्ग योग मार्गसँग सम्बन्धित छ । व्यासद्वारा योगको सूत्रमा धेरै महत्वपूर्ण टिप्पणी पनि त्यस्तै रचना गरिएको थियो । यसै अवधिमा मनको पक्षलाई महत्व दिइयो र योग साधना मार्फत स्पष्ट रूपमा बाहिर ल्याइएको थियो, मन र शरीर दुवैलाई समानताको सामना गर्न नियन्त्रणमा राख्न सकिन्छ । ८०० ईस्वी - १७०० ईस्वी बीचको अवधिलाई उत्तर-शास्त्रीय काल मानिन्छ । जसमा महान आचार्य-आदी शङ्कराचार्य, रामानुजाचार्य, माधवाचार्यका पाठहरू यस अवधिमा महान योगदानकर्ता थिए । यस अवधिमा सुरदास, तुलसीदास, पुरंदरदास, मीराबाईका पाठहरू उल्लेखनीय संरक्षक थिए । हठयोग परम्पराका नाथ योगीहरू जस्तै मत्स्येन्द्रनाथ, गोरक्षनाथ, कौरंगनाथ, स्वात्माराम सुरी, घेरान्डा, श्रीनिवास भट्ट यस अवधिमा हठयोग अभ्यासहरूलाई लोकप्रिय बनाउने केही उल्लेखनीय पहिचानहरू हुन् ।

१७००-१९०० ईस्वीको अवधिलाई आधुनिक काल मानिन्छ जसमा अद्भुत योगाचार्यहरू- रमण महर्षि, रामकृष्ण परमहंस, परमहंस योगानन्द र विवेकानन्द आदिले राजयोगको विकासमा योगदान दिएका छन् । यो समयमा वेदान्त, भक्ति योग, नाथयोग वा हठ-योग समृद्ध भयो। गोरक्षाशतकम्को षडांग-योग, हठयोगप्रदिपिकाको चतुरंग-योग, घेरन्ड संहिताको सप्तांग-योग, हठयोगका सिद्धान्तहरू थिए ।

अहिलेको समसामयिक परिस्थितिमा स्वास्थ्यको संरक्षण, सम्भार र प्रवर्द्धनका लागि योग अभ्यासहरूप्रति सबैको विश्वास छ। स्वामी शिवानन्द, श्री टी. कृष्णमाचार्य, स्वामी कुवलयानन्द, श्री योगेन्द्रा, स्वामी राम, श्री अरविन्दो, महर्षि महेश योगी, आचार्य रजनीश, पट्टाभिजोइस, बि के एस अय्यांगर, नेपाल माताका रास्ट्र गुरु योगि नरहरिनाथ जस्ता अविश्वसनीय पहिचानहरूको पाठले योग विश्वभरि जतातत्तै फैलिएको छ ।

योगको लामो समृद्ध इतिहासलाई नवाचार, अभ्यास र विकासको चार मुख्य अवधिहरूमा विभाजन गर्न सकिन्छ ।

पूर्व शास्त्रीय योग
शास्त्रीय योग
उत्तर शास्त्रीय योग
आधुनिक काल

४. योगका विभिन्न रूपहरूको विस्तृत रूपः

पूर्व-शास्त्रीय योगः

योगको प्रारम्भ उत्तरी नेपाल भारतमा सिन्धु-सरस्वती सभ्यताले ५,००० वर्षभन्दा अघि विकसित गरेको थियो। योग शब्द सुरुमा पुरानो पवित्र ग्रन्थ ऋग्वेदमा उल्लेख गरिएको थियो। वेदहरूमा ब्राह्मणहरुले, वैदिक पुजारीहरूले प्रयोग गर्ने गीतहरू, मन्त्रहरू र अनुष्ठानहरू समावेश गर्ने लेखहरूको संग्रह थियो। योगलाई क्रमशः ब्राह्मण र ऋषिहरू (अध्यात्मवादी ज्योतिषीहरू) द्वारा परिष्कृत र बढाइएको थियो जसले आफ्ना अभ्यासहरू र विश्वासहरूलाई उपनिषदहरूमा संग्रहित गरे, जुन २०० भन्दा बढी पवित्र शास्त्रहरू समावेश भएको विशाल कार्य हो । यौगिक पवित्र ग्रन्थहरू मध्ये सबैभन्दा प्रसिद्ध भागवत-गीता हो, जुन लगभग ५०० ईसा पूर्व रचिएको थियो। उपनिषदहरूले वेदबाट अनुष्ठान बलिदानको विचार लिए र आत्म-ज्ञान, कर्म (कर्मयोग) र बुद्धि (ज्ञानयोग) मार्फत अहंकारको बलिदान सिकाउँदै यसलाई आन्तरिक रूप दिए ।

**शास्त्रीय योगः**

यस युगमा, योग विभिन्न विचार, विश्वास र प्रविधिहरूको संयोजन थियो जुन एकअर्कासँग विरोधाभाष र विरोधाभाषपूर्ण थियो। शास्त्रीय काललाई पतञ्जलिको योग-सूत्रले परिभाषित गरेको छ, यो योगको पहिलो व्यवस्थित प्रस्तुति हो । यो पाठले राज योगको तरिका बताउँछ, दोस्रो शताब्दीमा कुनै समयमा दस्तावेज गरिएको थियो र प्रायः 'शास्त्रीय योग' भनिन्छ । पतञ्जलीले योगको अभ्यासलाई 'आठ अंगको मार्ग' मा व्यवस्थित गरे जसमा समाधि वा ज्ञान प्राप्त गर्ने चरणहरू र चरणहरू समावेश छन् । पतञ्जलिलाई योगका पिता भनेर चिनिन्छ र उनका योग-सूत्रहरूले अझै पनि आधुनिक योगका अधिकांश शैलीहरूलाई प्रभाव पार्छन् ।

**उत्तर शास्त्रीय योगः**

पतञ्जलिको केही शताब्दी पछि, योग गुरुहरूले शरीरलाई कायाकल्प गर्न र जीवन लम्ब्याउन डिजाइन गरिएको अभ्यासहरूको प्रणाली बनाए। तिनीहरूले पुरानो वेदका पाठहरूलाई खारेज गरे र ज्ञान प्राप्त गर्ने बाटोको रूपमा भौतिक शरीरलाई धारण गरे। तिनीहरूले तन्त्र योग सिर्जना गरे, शरीर र मनलाई शुद्ध गर्न कट्टरपन्थी विधिहरूका साथ हामीलाई हाम्रो भौतिक अस्तित्वमा बाँधिएका गाँठहरू तोड्न । यो भौतिक-आध्यात्मिक जडानहरू र शरीर केन्द्रित अभ्यासहरूको अन्वेषणले गर्दा पश्चिममा योगलाई मौलिक रूपमा विचार गर्ने हठयोगको गठन गर्न प्रेरित गऱ्यो ।

**आधुनिक अवधिः**

ध्यान र अनुयायीहरूलाई आकर्षित गर्न, योग गुरुहरूले सन् १८०० को अन्त र सन् १९०० को शुरुवातमा पश्चिम यात्रा गर्न थाले। यो ईस्वी सम्बत १८९३ शिकागोको धर्म संसदमा सुरु भयो, जब स्वामी विवेकानन्दले योग र विश्वका धर्महरूको सार्वभौमिकतामा आफ्नो व्याख्यानले उपस्थितहरूलाई प्रभावित पारे। ईस्वी सम्बत १९२० र ३० को दशकमा, टी. कृष्णमाचार्य, स्वामी शिवानन्द र हठ योग अभ्यास गर्ने अन्य योगीहरूको कामको साथ भारतमा हठ योगलाई बलियो रूपमा प्रचार गरिएको थियो। कृष्णमाचार्यले ईस्वी सम्बत १९२४ मा मैसूरमा पहिलो हठयोग विद्यालय खोलेका थिए र ईस्वी सम्बत १९३६ मा शिवानन्दले गंगाको पवित्र नदीको किनारमा दिव्य जीवन समाजको स्थापना गरे ।

कृष्णमाचार्यले आफ्नो विरासतलाई निरन्तरता दिने र हठयोगको लोकप्रियता बढाउने तीन विद्यार्थीहरू उत्पादन गरेः बि एस अय्यंगार, टि के वि देशिकाचार र पट्टाभी जोइस् । शिवानन्द एक प्रख्यात लेखक हुनुहुन्थ्यो, योगमा २०० भन्दा बढी पुस्तकहरू लेख्नुभयो, र विश्वभरि अवस्थित नौ आश्रमहरू र असंख्य योग केन्द्रहरू स्थापना गर्नुभयो। इन्द्रा देवीले ईस्वि सम्बत १९४७ मा हलिउडमा आफ्नो योग स्टुडियो नखोल्दासम्म पश्चिममा योगको आयात निरन्तर चलिरह्यो । त्यसबेलादेखि, धेरै धेरै पश्चिमी र भारतीय शिक्षकहरू अग्रगामी बनेका छन्, हठ योगलाई लोकप्रिय बनाउँदै र लाखौं अनुयायीहरू प्राप्त गर्दै। हठ योगमा अहिले धेरै फरक स्कूलहरू वा शैलीहरू छन्, सबैले अभ्यासका विभिन्न पक्षहरूलाई जोड दिन्छ ।

## ५. योगका प्रकारहरूः

**हठयोगः**

यो योगको सबैभन्दा पुरानो रूपहरू मध्ये एक हो जसमा आसन र प्राणायाम ( श्वासप्रश्वास व्यायाम) को अभ्यास समावेश छ जसले दिमाग र शरीरमा शान्ति ल्याउँछ, र ध्यान जस्ता गहिरो आध्यात्मिक अभ्यासहरूको लागि शरीरलाई तयार गर्न मद्दत गर्दछ ।

**विन्यास योगः**

सन्१९८० को दशकको उत्तरार्धमा परम्परागत अष्टाङ्ग प्रणालीबाट अनुकूलित योगको सक्रिय र एथलेटिक शैली। यसको अनिवार्य अर्थ भनेको साससँग सिंक्रोनाइज गरिएको आन्दोलन हो र सूर्य नमस्कार मार्फत द्रुत प्रवाहमा आधारित एक बलियो शैली हो । यसले एक मुद्राबाट अर्को आसनमा निरन्तर प्रवाहलाई पनि जनाउँछ ।

**अष्टाङ्ग योगः**

अष्टाङ्ग योगको एक प्रणाली हो जुन आधुनिक संसारमा श्री के पट्टाभि जोइसद्वारा ल्याइयो । योगको यो रूपले छवटा श्रृङ्खलाहरू समावेश गर्दछ र प्रत्येक शृङ्खला आसनहरूको सेट अनुक्रम हो, सधैं एउटै क्रममा । यो सामान्यतया छिटो-गतिमा, बलियो र शारीरिक रूपमा चुनौतीपूर्ण छ ।

**शक्ति योगः**

शक्ति योगलाई बलियो, विन्यास-शैली योगको रूपमा वर्णन गरिएको छ । पावर योगको लोकप्रियता विश्वभर फैलिएको छ र अहिले जतातत्तै सिकाइन्छ। किनभने शैली फरक हुन सक्छ, यो सिफारिस गरिन्छ कि तपाइँ यसलाई प्रदर्शन गर्नु अघि व्यक्तिगत प्रशिक्षकसँग परामर्श गर्नुहोस् ।

**विक्रम योगः**

यसमा छब्बीस मुद्राहरू र दुई सास फेर्ने प्रविधिहरू हुन्छन् । योगको यो शैलीले विषाक्त पदार्थहरू सफा गर्न, तौल व्यवस्थापन गर्न र कलाकारहरूलाई आसनहरूमा अझ गहिरो रूपमा जान अनुमति दिन्छ ।

**जीवमुक्ति योगः**

यो योग शैली सन् १९८४ मा सिर्जना गरिएको थियो । योग शैलीमा जप, ध्यान, पठन र पुष्टिकरण गरिन्छ ।

**अय्यंगार योगः**

प्रत्येक आसन भित्र सटीक मस्कुलोस्केलेटल पङ्क्तिबद्धतामा नजिकबाट ध्यान दिने प्रयासमा योगको यस रूपमा पोजहरू धेरै लामो हुन्छन् । आयय्ङ्गरको अर्को ट्रेडमार्क भनेको ब्लक, बेल्ट, बोलस्टर, कुर्सी र कम्बल जस्ता प्रोप्सको प्रयोग हो, जुन चोटपटक, कसर वा संरचनात्मक असन्तुलनहरू समायोजन गर्न प्रयोग गरिन्छ, साथै विद्यार्थीलाई आसनमा कसरी राम्ररी सार्न सकिन्छ भनेर सिकाउँछ ।

**अनुसारा योगः**

अनुसारा शैली हठको नयाँ प्रणाली हो जसले पङ्क्तिबद्धताको विश्वव्यापी सिद्धान्तहरूको सेट सिकाउँछ जसले सबै योग आसनहरूलाई सम्मिलित गर्छ, जबकि अनुग्रहको साथ प्रवाह गर्न र तपाईंको हृदयलाई पछ्याउन प्रोत्साहित गर्दछ । यसलाई व्यापक रूपमा तीन भागहरूमा वर्गीकृत गरिएको छ जसलाई तीन ए भनिन्छ र तिनीहरूमा मनोवृत्ति, पङ्क्तिबद्धता र कार्य समावेश छन् ।

**शिवानन्द योगः**

यो सामान्यतया सवासन (आराम मुद्रा), कपालभाती र अनुलोमा विलोमा, सूर्य नमस्कारको केहि राउन्ड पछि सुरु हुन्छ । त्यसपछि यो शिवानन्दका बाह्र आसनहरू मार्फत सर्छ, जुन मेरुदण्डको बल र लचिलोपन बढाउनको लागि डिजाइन गरिएको हो । जप र ध्यान पनि यसको एक भाग हुन सक्छ ।

**कुण्डलिनी योगः**

कुण्डलिनीले धेरै चालहरू वा अभ्यासहरू, गतिशील सास फेर्ने अभ्यासहरू, जप, ध्यान र मन्त्रहरू समावेश गर्दछ। प्रत्येक विशिष्ट कुण्डलिनी व्यायाम, जसलाई क्रिया भनिन्छ, एक आन्दोलन हो जुन प्रायः दोहोर्याइन्छ र साससँग सिंक्रोनाइज हुन्छ । अभ्यासलाई मेरुदण्डको आधारमा उर्जा जगाउनको लागि डिजाइन गरिएको छ ताकि यसलाई प्रत्येक सात चक्रहरू मार्फत माथितिर तान्नुहोस् ।

**यिन योगः**

यिन योग एक ढिलो-गति शैली हो जसमा मुद्रा पाँच मिनेट वा लामो समयसम्म राखिन्छ। यद्यपि यो निष्क्रिय छ, यिन योग लामो अवधि होल्डको कारणले धेरै चुनौतीपूर्ण हुन सक्छ, विशेष गरी यदि तपाईंको शरीर यसको लागि प्रयोग गरिएको छैन । उद्देश्य जोड्ने तन्तुहरूमा मध्यम तनाव लागू गर्नु हो - टेन्डन्स, फेसिया र लिगामेन्टहरू - जोर्नीहरूमा परिसंचरण बढाउन र लचिलोपन सुधार गर्ने उद्देश्यका साथ ।

**विनियोगः**

विनियोगले योगको लागि एक दृष्टिकोणलाई बुझाउँछ जसले विभिन्न माध्यमहरू र अभ्यासका विधिहरूलाई व्यक्तिको अद्वितीय अवस्था, आवश्यकता र चासोहरू अनुकूल गर्दछ । योगको यो शैलीले आत्म-खोज र व्यक्तिगत रूपान्तरणमा मद्दत गर्छ ।

**लाफ्टर योग (हाँस्य योग):**

बिना कारण कुनै पनि हँसाउने बस्तुको सहारा नलिएर हास्न सिकाउने कलालाई लाफ्टर योग भनिन्छ । हाँसो भन्दा ठूलो कुनै दवाई नै छैन भन्ने कुराको जानकारी पाएपछि आफ्नो एम डि गरेर चलाइरहेको चिकित्सकको पेशा छोडेर छिमेकी मुलुक भारतका आधुनिक चिकित्सा विज्ञानका डाक्टर मदन कटारियाले ईस्वी सम्बत १९९५ बाट शुरु गरेको लाफ्टर योग विश्व व्यापी रुपमा फैलिएर मानव स्वास्थ्यलाई धेरै ठूलो योगदान पुर्याएको छ ।

योगले शरीर, मन, भावना र ऊर्जाको स्तरमा काम गर्छ । यसले योगका चार ठूला वर्गीकरणहरूलाई जन्म दिएको छ: कर्म योग, जहाँ हामी शरीर प्रयोग गर्छौं; भक्ति योग, जहाँ हामी भावनाहरू प्रयोग गर्छौं; ज्ञान योग, जहाँ हामी मन र बुद्धि प्रयोग गर्छौं; र क्रिया योग, जहाँ हामी ऊर्जा प्रयोग गर्छौं । योग सम्बन्धी सबै प्राचीन टिप्पणीहरू गुरुको निर्देशनमा योग प्रदर्शन गर्नमा केन्द्रित छन् । कारण यो हो कि केवल एक गुरुले प्रत्येक साधकको लागि आवश्यक चार आधारभूत मार्गहरूको उपयुक्त संयोजन मिलाउन सक्छ ।

आजको दिनमा, विश्वभरि लाखौं र करोडौं मानिसहरूले दैनिक आधारमा योग अभ्यास गरेर लाभान्वित भइरहेका छन् जसलाई प्राचीन समयदेखि आजसम्मका महान योग गुरुहरूले संरक्षण र प्रवर्द्धन गर्दै आएका छन्। हालको चुनौतीपूर्ण कालमा पनि योग अभ्यास फस्टाउँदै गइरहेको छ, र हरेक दिन थप जीवन्त बन्दै पनि गइरहेको छ ।

**आवश्यकता**

यस खोजतलास मिडिया प्रा.लि.द्वारा संचालित khojtalashonline.com का लागि मार्केटिङ म्यानेजरको तुरुन्त आवश्यक परेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

संख्या : ७
तलब : रु ३५०००/-
सम्पर्क : ०१५५२२३५१, ९८५१०४२७९८




खोजतलास मिडिया प्रा.लि.का लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : भरत महर्जन, निर्देशक : अमिता लक्ष्मी श्रेष्ठ (सैंजु), प्रधान सम्पादक राजु बस्नेत, सम्पादक : शशी कोइराला, कार्यकारी सम्पादक : रुपक शाक्य
कार्यालय : सातदोबाटो, ललितपुर, फोन : ०१५५५५५५५ इमेल : khojtalashdainik@gmail.com, वेवसाइट : www.khojtalashonline.com, मुद्रक : उपलब्धी प्रेस प्रा.लि.

# सत्ता गठबन्धन फेरिने संकेत



काठमाडौँ । पुस १० मा बनेको सत्ता गठबन्धन आगामी फागुन २५ गते हुने राष्ट्रपतिको चुनावसम्म फेरिने संकेतहरू देखिन थालेका छन् । सरकार निर्माण भएको २ महिना नपुग्दै राष्ट्रपतिको चुनावसम्म समीकरण फेरिन सक्ने नेताहरूका अभिव्यक्ति र केही घटनाक्रमले समेत संकेत गरेका छन् ।राष्ट्रपतिको चुनावमा माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री समेत रहेका पुष्पकमल दाहाल 'प्रचण्ड'ले सबै दलको सहमति हुनुपर्ने अडान लिएका छन् । विगतका राष्ट्रपतिका अनुभवहरूलाई समेत नजिर बनाउँदै प्रचण्डले राष्ट्रपतिमा सबै दलको साझा उम्मेदवार हुनुपर्ने सार्वजनिक अभिव्यक्ति दिएका हुन् ।

प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष केपी शर्मा ओलीबीच प्रधानमन्त्री आलोपालो गर्ने र राष्ट्रपतिमा माओवादीले एमालेलाई सघाउने समझदारी भएको एमाले नेताहरूको दाबी रहने गरेको छ ।

तर, प्रचण्डले गत पुस २६ मा संसदबाट विश्वासको मत लिने क्रममा सत्ता साझेदार दलसहित नेपाली कांग्रेसको समेत मत पाएपछि राष्ट्रपतिमा राष्ट्रिय सहमति हुनुपर्ने बताउन थालेका हुन् । सबै दललाई मान्ने हुने गरी एमाले आफैले राष्ट्रपतिको नाम प्रस्ताव गरेपनि स्वीकार हुने प्रधानमन्त्री प्रचण्डको भनाई छ ।

'राष्ट्रपतिका विषयमा ठोस छलफल र निष्कर्षमा पुगिएको छैन । प्रधानमन्त्रीज्यू राष्ट्रपतिमा राष्ट्रिय सहमति नै कायम हुनुपर्छ भन्नेमा अडानमा यथावत् हुनुहुन्छ' माओवादी केन्द्रका एक मन्त्री भन्छन्, 'राप्रपाका मन्त्रीले संघीयता र गणतन्त्र विरोधी अभिव्यक्ति दिइरहेका छन् । रास्वपा सरकारबाट बाहिरिएर अप्ठ्यारो पारेको छ । त्यसैमा केपी कमरेडको निरन्तर असहयोग भएकाले यो गठबन्धन ८० प्रतिशत फेरिने सम्भावना रहेको ती मन्त्रीले बताउँछन् ।'

एमाले अध्यक्ष ओलीले सभामुखमा जस्तो खालको पात्र र प्रवृत्तिलाई अघि सारे राष्ट्रपतिमा समेत त्यस्तै दोहोरिने सङ्केत पाएपछि प्रधानमन्त्री प्रचण्ड राष्ट्रपतिमा राष्ट्रिय सहमतिमार्फत अघि बढ्न खोजेको ती मन्त्रीको भनाइ छ ।

'संसदमा कसैको बहुमत छैन । यो संसद् ५ वर्ष पुग्छ भन्ने सुनिश्चितता छैन' ती मन्त्रीले भने, 'देश, जनता र व्यवस्थालाई केन्द्रमा राख्ने व्यक्ति चाहिन्छ । विगतका राष्ट्रपतिले पार्टीलाई केन्द्रमा राखेकाले समस्या खडा भयो । त्यसैले जुनसुकै पार्टी वा पात्र भएपनि सबै दललाई मान्य भएमा ठिक हुन्छ भन्ने छ ।'

यदि अहिलेको समीकरण फेरिए पनि कांग्रेस, माओवादी, एकीकृत समाजवादी जुनसुकै दल र नेताबाट राष्ट्रपतिको उम्मेदवार हुनसक्ने ती मन्त्रीको भनाई छ ।

उच्चस्तरीय राजनीतिक संयन्त्रका संयोजक समेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओली पनि वर्तमान सत्ता गठबन्धन जोगिन्छ भन्नेमा ढुक्क छैनन् ।

मंगलबारमात्रै अनेरास्ववियुको २३ औं राष्ट्रिय महाधिवेशनलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले देशको राजनीतिक अवस्था ठिकठाक नरहेको बताए । उनले निर्वाचन अघिको पाँच दलीय गठबन्धन भत्काउन सफल भएर सरकार गठन भए पनि यही समीकरण रहिरहन्छ भन्ने कुनै ग्यारेन्टी नरहेको बताइसकेका छन् ।

त्यस क्रममा उनले देशभित्र र बाहिरका शक्तिहरू देश बरबाद पार्न सक्रिय भएको तर नेकपा एमाले सुरक्षाकवजका रूपमा उभिने पनि बताएका थिए । 'हामीले पाँच दलीय गठबन्धन तोडेर अर्को एउटा सरकार बनाएका छौँ । यो सफलताको कुरा हो । हाम्रो पार्टीका आम साथीहरू प्रसन्न भएको देखिन्छ । प्रसन्न हुनुपर्दछ तर कथंकदाचित यो स्थिति फेरियो भने ?', ओलीले प्रश्न गर्दै भने, 'यो संसद्को बनावट नै अस्थिरताको कारक हुने बनावट छ ।'

उनले संसद्मा बहुमत कसैको नभएकाले अस्थिरता बढ्ने सङ्केत गरे । 'बहुमत हाम्रो पार्टीसँग पनि छैन । बहुमतभन्दा निकै तल सिट छ । यसलाई आधार बनाएर देश भित्र र बाहिरका धेरै शक्तिहरू यो देश बरबाद पार्न क्रियाशील छन्', अध्यक्ष ओलीले संकेत गरिसकेका छन् । ओलीले देश बरबाद पार्न लागि परेका षड्यन्त्रकारीहरूले पहिला एमालेमाथि प्रहार गर्न सक्ने र समीकरण नै बिगार्न सक्ने भएकाले कार्यकर्ताहरूलाई तयार रहन निर्देशन समेत दिए । 'नेकपा एमाले यो देशमा डकैती गर्न नदिने, गेट पाले भएकाले यसमाथि नहानी भित्रै पस्न पाउँदैनन् । त्यसकारण पहिला यसमाथि प्रहार हुनसक्छ । भइआएको छ । फेरि पनि हुनसक्छ' ओलीको भनाइ छ । त्यति मात्रै होइन ओलीले सत्ताका लागि एमालेले राष्ट्रियता नत्याग्ने बताइसकेका छन् ।

नेताहरूका अनुसार सुदूरपश्चिम प्रदेशका एमालेका मुख्यमन्त्री राजेन्द्र रावलले विश्वासको मत नपाएपछि प्रचण्ड र ओलीबीच अविश्वास थप बढेको छ । सुदूरपश्चिम प्रदेश सरकार जोगाउन प्रधानमन्त्री प्रचण्डले भूमिका नखेलेकोमा ओली चिढिएका छन् । सुदूरपश्चिममा एमाले नेतृत्वको सरकार ढलेर कांग्रेस 'कम ब्याक' भएपछि संघमा समेत सत्ता समीकरण बदलिने सत्ता साझेदार दलकै नेताहरूले अभिव्यक्ति दिन थालेका छन् ।

उता राप्रपाबाट मन्त्रिपरिषद्मा सहभागी मन्त्रीहरूले संघीयता र गणतन्त्रको विरोध गरिरहेका छन् । यसबाट पनि प्रधानमन्त्री प्रचण्ड चिढिएका छन् । अहिलेको व्यवस्थाका विरुद्ध बोल्ने मन्त्रीलाई स्पष्टीकरण सोध्ने घोषणा गरेका प्रचण्ड सोध्न सकेका छैनन् । उनीहरूलाई सकेसम्म गठबन्धनबाटै बिदा गरेर जाने पक्षमा प्रचण्ड भएकाले स्पष्टीकरण नसोधिएको प्रचण्ड निकट स्रोतहरूले बताएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी सरकारबाट बाहिरिएको अवस्थामा प्रधानमन्त्री प्रचण्ड जुनसुकै अवस्थामा अप्ठ्यारोमा पर्न सक्ने बुझाई छ । रास्वपाले समर्थन कायमै रहेको बताए पनि दीर्घकालीन रूपमा समस्या पर्ने भएकाले प्रचण्ड ढुक्क हुन सकेका छैनन् । रास्वपालाई प्रधानमन्त्री प्रचण्डले सरकारबाट बाहिर जान नरोकेको भन्दै ओली प्रचण्डसँग सन्तुष्ट छैनन् ।

नेपाली कांग्रेस सहित एकीकृत समाजवादी जसपा लगायत दलहरू अहिलेको गठबन्धन भत्काउन लागि परेका छन् । सात दलीय गठबन्धन भत्काएर उनी सरकारमा जान राष्ट्रपतिलाई भऱ्याङ बनाउन खोजेका छन् ।

त्यसैले सत्ता बाहिर भएका दलका नेताहरू एकपछि अर्को गर्दै गठबन्धन भत्किने अभिव्यक्ति दिँदै आएका छन् । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले गत सोमबार बुटवलमा आयोजित एक कार्यक्रममा फागुन १० गतेसम्म अहिलेको गठबन्धन भत्किने दाबी गरेका थिए ।

'पुस १० गते बनेको अहिलेको ७ दलीय गठबन्धन फागुन १० गते भत्किएर चुनावअघिको ५ दलीय गठबन्धन ब्युँतिन्छ', थापाले भने, 'राष्ट्रपति चुनावमा पनि कांग्रेसले प्रस्ताव गरेको उम्मेदवारले जित्छ ।'

यस्तै एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले अहिलेको गठबन्धन राष्ट्रपतिको चुनावसम्म रहने दाबी गरेका थिए । गत माघ अन्तिम साता सकिएको केन्द्रीय समिति बैठकलाई सम्बोधन गर्दै नेपालले यो सरकार राष्ट्रपतिको चुनावसम्म थेगिन सक्ने दाबी गरेका थिए ।

जसपा अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष सिके राउत समेतले सत्ता गठबन्धन भत्किन सक्ने सङ्केत गरेका छन् ।

# रविको उत्तेजनासँगै घण्टीको के होला

काठमाडौं । पद छाड्नुपर्दा नेताहरुमा आक्रोश र उत्तेजनाका स्वरहरु मच्चिने नेपाली राजनीतिको पुरानै रोग हो । रवि लामिछानेमा पनि यही देखियो । उनले आफ्नो आलोचना गर्ने मिडियादेखि व्यक्तिहरुको नाम किटी किटी दाह्रा किटेर गाली गलौजमा उत्रिए । यसले रविमा अझै राजनीतिक परिपक्वताको कमी छर्लङ्ग भयो । रविले पद गुमाउनु पर्दाको पीडा र आक्रोश एक साथ पोखे । चर्चा र प्रचारका चर्का स्वरले उनलाई एक हदसम्म अगाडि त पुऱ्यायो तर राजनीतिमा परिपक्वता र प्रतिभाको टड्कारो अभाव देखियो । त्यसैले रवि पुराना नेताहरुको भन्दा पनि तल्लो शैलीमा उत्रिएर गालीगलौजमा उत्रिए । उनको सबैभन्दा तारोमा पर्नुभयो मिडिया र पत्रकार ।

रविले गाह्रो मान्दै एउटा गल्ती स्वीकार्न तयार भए । त्यो थियो नागरिकता सम्बन्धी जसले उहाँलाई पाइसकेको सफलताको सीढीबाट ह्वात्तै तल झारिदियो । त्यसको पीडा निरन्तर पोखिरहे । राजनीतिमा आलोचना पनि सहनुपर्छ र त्यसको संयमित तरिकाले जवाफ दिनुपर्ने मान्यताभन्दा भिन्न तरिकाले उनी प्रस्तुत भए । गृह मन्त्रालयमा आफ्नो स्वास नै अड्किएको जसरी बोले रवि ।

रविको खास उदयमा मिडिया नै कारण हो । उनले मिडियालाई राम्ररी बुझेकै हो । तर, त्यही मिडिया क्षेत्र र मिडियाकर्मीको सत्तोसरापमा उत्रनुले रवि आफ्नो धरातल बिर्सदै गएको बुझ्न सकिन्छ । यतिसम्मकी उहाँले कतिपय पत्रकारहरुको नामै किटेर चुनाव लडेर आउन चुनौती दिए । उनमा आक्रोशमाथि नभई अहंकार पनि मिसिएको देखिन्थ्यो । उनको बोली र प्रस्तुतीले कुनै दरिलो जरा नगाडी लहडका भरमा राजनीतिमा बढेको बुझ्न सकिन्थ्यो । राजनीतिमा पुरानाको अस्त र नयाँको उदय स्वाभाविक प्रक्रिया हो । त्यसमाथि कानून बनाउन जनताबाट चुनिएका सांसदका लागि कानूनको पालना अपरिहार्य हुन्छ नै । रविले कानूनको उल्लंघन गर्नुलाई मात्र सानो गल्ती भने । सायद त्यही सानो गल्ती औल्याउँदा उनले आक्रोश र अहंकार मिश्रित बोलीबाट ठूलै गल्ती गर्न थालेका छन् । यसले उनको राजनीतिक भविष्यमा कालो बादल मडारिइसकेको तड्कारो देखिन्छ ।

# खोजीखोजी सम्पत्ति जफत

काठमाडौं । अदालतले जफतगर्न फैसला गरेका सम्पत्तिको व्यवस्थापन गर्ने निकाय हो कसुरजन्य सम्पत्ति व्यवस्थान विभाग । फौजदारी अपराध सम्बन्धी सम्पत्ति रोक्का राख्ने, नियन्त्रण लिने र जफत गर्ने यो निकायले नगद र जिन्सीहरु जफत गर्दै राज्यको कोषमा दाखिला गर्दै आइरहेको छ । यसअघि अदालतहरूले नै यससम्बन्धी काम गर्दै आएका थिए । अहिले गृह मन्त्रालय मातहत रहने विभागले यस्तो जिम्मेवारी सम्हाल्दै आएको छ । कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागले दुई करोड भन्दा बढी रकम कसुरजन्य सम्पत्ति ठहर गर्दै कोषमा जम्मा गरेको तथ्यांक छ । विभागले एकैपटक दुई करोड ३५ लाख २ सय २६ रुपैयाँ बराबरको नगद र जिन्सी कसुरजन्य सम्पत्ति ठहर गर्दै कोषमा दाखिला गरेको थियो । भ्रष्टाचार जन्य सम्पत्ति ठहर गर्दै आनन्द प्रसाद खनालको नाममा रहेको ४ रोपनी १ आना जमिनका अलावा मुरारी कार्कीको नाममा रहेको १९ आना ३ पैसा जग्गा, तीनतले घरसमेत कसुर ठानी सरकारी कोषमा दाखिला गरेको छ । जुवा खेल्दा भेटिएको नगद पनि जफत भई राज्य कोषमा दाखिला भएको तथ्यांक छ । यसबाहेक विभिन्न समयमा नगद र जिन्सी जफत गरी राज्यको कोषमा दाखिला गर्दै आएको छ ।

विभागमा सहसचिवको नेतृत्वमा १९ कर्मचारी रहने व्यवस्था छ । उनीहरु अपराधमा प्रयोग भएका तथा लुकाइएका र अदालतले जफत गर्न फैसला गरेका सम्पत्तिको खोजी गरी नियन्त्रणमा लिने कार्यमा खटिन्छन् । नियन्त्रणमा लिइएका सम्पत्ति बिग्रने अवस्था भएमा अदालतको आदेश लिएर सरकारले बिक्री वितरणसमेत गर्न सक्ने प्रावधान ऐनमा छ । साथै रोक्का राखिएको तथा नियन्त्रणमा लिइएको सम्पत्ति तथा साधनबाट आयस्ता हुने देखिएमा इच्छुक व्यक्ति तथा संस्थासँग सरकारी सम्पत्ति लिजमा दिने सम्बन्धी कानुनअनुसार लिजमा दिन सक्नेछ । कुनै जग्गासमेत खेतीका लागि दिन सक्नेछ । अदालतको आदेश अनुसार धरौटी लिने र अन्तिम फैसलापछि फिर्ता गर्ने व्यवस्थापनि छ ।

कसुरजन्य सम्पत्तिको रोक्का तथा नियन्त्रणमा कसैले बाधा गरेमा ६ महिनासम्म कैद र दुई लाख रुपैयाँसम्म जरिवाना हुने प्रावधान छ । यसकारण पनि यसमा बाधा गर्न नसक्ने गरी कडा कानून बनाइएको छ । अपराध र अनियमितताका सम्पत्तिहरु बढ्दो अनुपातमा भएपनि कतिपय विविध कारणले प्रमाणित नहुँदा व्यक्तिकै हातमा पुग्छ जसले समाजमा अनेकन समस्या आउँछ । त्यसकारण पनि यस्ता सम्पत्तिको गम्भीर छानविन हुनुपर्छ । अपराध या अनियमितता गरी लुकाएका प्रमाणित सम्पत्ति राज्य कोषमा दाखिला हुनुपर्छ ।

# किन धमाधम आए अमेरिकी

काठमाडौं । एमसीसी पारित हुनुअघि र पछि सक्रिय अमेरिका प्रधानमन्त्रीमा प्रचण्डको सत्तारोहरण लगत्तै झन् सक्रिय भएको छ । यसबाट उसको बढ्दो चासो सतहमै देखिन थालेको छ । पछिल्लो एक महिनामा मात्रै चार अमेरिकी अधिकारीहरू नेपाल भ्रमण तय भएको छ जसमा दुई जना आइसकेका छन् ।

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा अमेरिकी अधिकारीहरुको ओहोर दोहोर निकै बाक्लिएको थियो । त्यस बखत एमसीसी पनि निकै विवादका बीच पारित भयो । पछिल्लो समय नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड प्रधानमन्त्री बनेपछि सबैभन्दा दौडधूप अमेरिकी अधिकारीहरु कै चलेको छ । अमेरिकी विदेश मन्त्रालयको राजनीतिक मामिला हेर्ने उपमन्त्री भिक्टोरीया नुल्यान्डले नेपाल भ्रमण गरेको दुई साता पुग्न लाग्दा नलाग्दै गत मंगलबार अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी नियोगकी प्रमुख सामन्था पावरको नेपाल आगमनलाई चासोका साथ हेरिएको छ । नेपालमा नयाँ सरकार बनेपछि यो नै उच्च तहको भ्रमण हो । यसअघि सन् २००२ मा अमेरिकाबाट तत्कालीन विदेशमन्त्री कोलिनपावलले नेपालको औपचारिक भ्रमण गरेका थिए । सामान्था पावर राष्ट्रिय सुरक्षा परिषद्की सदस्य तथा क्याबिनेट तहकी अमेरिकी अधिकारी हुन् । पावरको भ्रमण लगत्ते अमेरिकाबाट अर्का दुई वरिष्ठ अधिकारी आउने तय भएको छ । फागुन पहिलो साता दक्षिण तथा मध्य एसिया मामिला विभागकी उपसहायक राज्यमन्त्री अफ्रिन अख्तर र राष्ट्रिय सुरक्षा परिषद्को दक्षिण एसियाकी वरिष्ठ निर्देशक रियर एडमिरल इलिनलाउबाचारले नेपाल भ्रमण गर्न लागेका हुन् ।

संयोग नै मान्नुपर्छ, नेपालमा महिला परराष्ट्रमन्त्री नियुक्त भएयताका यी तीन उच्च तहका अमेरिकी भ्रमण नेतृत्वकर्ता सबै महिला नै छन् । यी भ्रमणहरुलाई नियमित किसिमको भ्रमण त भनिएको छ तर पछिल्ला वर्षमा एमसीसी, इन्डो प्यासिफिक स्ट्र्याटेजीलगायतका मुद्दाले नेपालको राजनीतिलाई तरंगित पारिदियो । जनजनमा यसबारे विमर्शहरु चले । प्रचण्ड प्रधानमन्त्री भएलगत्तै चीनले बीआरआई अघि बढाएसँगै अमेरिकी चासो बढ्नुले चुनौतीहरु बढाएको छ । यसले सामरिक महत्वको क्षेत्रमा रहेको नेपालमा शक्ति राष्ट्रबीच टक्कर हुन सक्ने विश्लेषण भइरहेको छ । यहीबेला सामन्थाको भ्रमण भएको हो । त्यसो त सामन्थाको भ्रमणलाई ७५ वर्षयताको नेपाल र अमेरिकी सरकार तथा जनताबीचको सम्बन्धलाई अझै सुदृढ बढाउनका लागिगरिन प्रयास पनि भनिएको छ ।

इतिहासलाई हेर्ने हो भने नेपाल र भारतबीच सम्बन्धमा केही समस्या आउँदा अमेरिकाले नेपाल मामिलामा भारतसँग कम समन्वय गरेको पाइन्छ । तर, पछिल्लो समयमा भारत र अमेरिकाबीच निकटता बढ्दो छ । विभिन्न रणनीतिक मामलामा यी दुई देश एकै ठाउँमा छन् । चीनसँग भारतको सम्बन्धमा केही चीसोपन आएको छ । अमेरिका पनि चीनसँग टक्कर बढाउँदै छ । सम्बन्धको यो अवस्थाबीच भारत र चीनबीच रहेको नेपालमा अमेरिकी सक्रियतालाई सामान्य रुपमालिन सकिदैन । यसले चीन र भारत दुवैतर्फबाट फरक तरिकाको सक्रियता देखिन सक्छ । भविष्यमा शक्ति राष्ट्रहरुबीच नेपालमा हुनसक्ने टकरावबाट उत्पन्न हुनसक्ने चुनौतीलाई राजनीतिक नेतृत्वले कसरी सामना गर्ने हो ?

# कहाँ चुक्यो प्रहरी ?

काठमाडौँ । बालाजु स्थित नयाँ बसपार्क र माछापोखरीमा यातायात मजदुरले गरेको प्रदर्शनमा प्रहरीले ठुलो क्षति बेहोरेको छ । पूर्व आँकलन नगरिएको प्रदर्शनको सामना गर्नुपर्दा क्षति बेहोर्नुपरेको प्रहरी अधिकारीहरू बताउँछन् ।

काठमाडौँ उपत्यकामा ट्राफिक प्रहरीले लागु गरेको चर्को जरिवाना र पार्किङमा गरिएको कडाइबारे यातायात मजदुर आन्दोलनरत थिए । फागुन १ मा यातायात मजदुर अगुवाहरू आफ्ना १० बुँदे माग र आन्दोलनको 'स्वरूप' आफ्ना मजदुरलाई जानकारी गराउने कार्यक्रमको आयोजना गर्दै थिए । नयाँ बसपार्क भित्र सो कार्यक्रम आयोजना गरिँदै थियो । तर, ल्होत्से बहुउद्देश्यीय प्रालिका महाप्रबन्धक सुनिल कुँवर सहितले सो कार्यक्रम गर्न नदिएपछि विवाद सुरु भयो । नयाँ बसपार्क व्यवस्थापन पक्ष र यातायात मजदुरका अगुवाहरूलाई प्रहरी वृत्त महाराजगञ्जका डिएसपी अङ्कुर जिसीले छलफल गराएर समस्याको हल खोज्दै थिए । बसपार्क भित्र छलफल हुँदाहुँदै मजदुरहरूले माछापोखरी चोकमा गाडी तेर्स्याएर सडक अवरुद्ध गरे ।

जिल्ला प्रहरी परिसर काठमाडौँका सूचना अधिकारी (एसपी) सिताराम रिजालका अनुसार सडक अवरुद्ध गरेपछि पनि बसपार्क भित्र त्यसबारे छलफल भयो । सडक अवरोध हटाउने सहमति गरेर सबै जना बाहिरिए । तर, जिम्मेवार अधिकारी भित्रबाट निस्किँदा बाहिर माछापोखरी क्षेत्र रणभूमि बनिसकेको प्रहरी अधिकारीहरू बताउँछन् ।

माछापोखरीमा जम्मा भएको समूहले प्रहरीको गाडीमा आगजनी गरे । प्रदर्शनमा भएको झडपमा बालाजुका डिएसपी रविन विष्ट चढ्ने बा.२ झ १४४ नम्बरको स्कोर्पियो (पिकअप) यातायात मजदुरले जलाए । प्रहरी वृत्त बालाजुको बा.१ झ ७२२४ नम्बरको माज्दा गाडी पनि आन्दोलनकारीले आगो लगाए ।



बस रोकेर सडक अवरुद्ध गरेको हुनाले प्रहरीको गाडी पनि रोकिँदा क्षति पुगेको एसपी रिजालले बताए । उनी भन्छन्- 'प्रहरी भिडमा थिए, बसहरूको बीचमा हुनाले चालकले गाडी निकाल्न नपाउँदा आन्दोलनकारीले दुईवटा गाडी जलाए ।'

मजदुरकै दुईवटा समूहको बिचमा 'कन्फ्युजन' भएको हुनाले प्रदर्शन नियन्त्रण बाहिर गएको एसपी रिजालको निष्कर्ष छ । उनी भन्छन्-'भित्र सहमति गर्नेहरू र अर्को समूहको कन्फ्युजन रहेछ ।'

ल्होत्से बहुउद्देश्यीय प्रा.लिका महाप्रबन्धक सुनिल कुँवर र मजदुर अगुवाहरूको बीचमा माइक खोसाखोस हुँदा आन्दोलनले उग्ररुप लिएको राष्ट्रिय यातायात व्यवसायी महासंघका अध्यक्ष विजय स्वाँरले बताए । स्वाँर भन्छन्- 'पार्किङ र ट्राफिक जरिवानाको विषयमा पहिलेदेखि नै विवाद थियो ।'

काठमाडौँ महानगरपालिका र उपत्यका ट्राफिक प्रहरी कार्यालयले चक्रपथ आसपासमा सार्वजनिक सवारी पार्किङ गर्न निषेध गर्न थालेको थियो । महानगरपालिका र ल्होत्सेको बिचमा भएको सम्झौता अनुसार सार्वजनिक सवारी बसपार्क भित्र पार्किङ गर्नुपर्छ । नयाँ बसपार्कमा पार्किङ गर्दा ल्होत्सेले चर्को शुल्क लिएको भन्दै यातायात व्यवसायी र मजदुर संगठनहरुले असहमति जनाउँदै आएका थिए ।

बसपार्क बाहिर पनि भाडामा लिएको जग्गामा पार्किङ गर्ने सवारी धनीहरूको माग थियो । महानगर र ट्राफिक प्रहरीले उनीहरूको कुरा सुनेन । सबै गाडीलाई बसपार्क भित्र पठाउने र बाहिर पार्किङ गर्नेलाई ट्राफिकले चर्को जरिवाना असुल्न थालेको थियो । महानगरले जथाभावी बस नरोक्न आग्रह गरेको र जाम व्यवस्थापन गर्न बसपार्क बाहिर पार्किङ गर्न रोक लगाएको उपत्यका ट्राफिक प्रहरी कार्यालयकी डिआईजी मिरा चौधरीले बताउँछिन् ।

ल्होत्सेले पनि बसपार्क बाहिर गाडी पार्किङ नगर्न भनेको थियो । जरिवाना र पार्किङको विषयमा यातायात मजदुर असन्तुष्ट थिए । सो असन्तुष्टि उनीहरूले सोमबार पोखेका हुन् ।

यातायात मजदुरको कार्यक्रमबारे प्रहरी जानकार थियो । तर, त्यति धेरै मजदुर आउने आंकलन नगर्दा भिड नियन्त्रण अस्तव्यस्त भएको प्रहरी अधिकारीहरू बताउँछन् । भिड नियन्त्रण गर्ने मुख्य युनिट नगर प्रहरीबाट खटिएका इन्स्पेक्टर शेर बहादुर बस्नेत सहित १७ जना प्रहरी घाइते भएका छन् । प्रदर्शनमा सहभागी १० जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ परेकाहरूमाथि अनुसन्धान भइरहेको एसपी रिजालले बताए ।

## यसरी रोकियो बालिका बली

काठमाडौं । धादिङ्गकी १६ बर्षीया बालिकालाई मानव बेचबिखन अनुसन्धान ब्यूरोले भारतको नयाँदिल्ली स्थित पाहाडगञ्जमा बन्धक बनाई राखेको अवस्थामा माघ १९ गते उद्दार गरी काठमाडौं ल्यायो । तान्त्रिक बाबालाई खुसीपार्न सके धेरै पैसा पाउने लोभमा गिरोहले नयाँदिल्ली पुऱ्याएका थिए । बालिकालाई बलीवा यौनजन्य क्रियाकलापमा लगाउन पुऱ्याइएको ब्यूरोको अनुसन्धानबाट खुलेको छ । मामा घरमा बस्दै आएकी पीडित बालिका मंसिर १७ गते देखि हराएकी थिइन् । बालिकालाई गिरोहले पुस १८ गते सम्म काठमाडौंमा बन्धक बनाई राखेका थिए । त्यस क्रममा उनीहरुले काठमाडौंमै बालिकाको शरीरमा दाग, टाटु, र राजस्वला भए नभएको, उनको उचाई कम्तीमा ५ फिट ३ ईन्च भन्दा माथि भएको तौल ५० देखि ६० केजी भए नभएको चेक जाँच गरेका थिए । त्यहाँका तीन जना तान्त्रिक बाबाहरुले ६ पटक भेटी यसैगरी चेकजाँच गरेका थिए ।

बालिकालाई माघ २२ गते अर्थात पूर्णीमाको दिन पारी अन्तिम पटक मुख्य तान्त्रिकसँग भेट गराउने भनिएको थियो । तर ब्यूरोले उनलाई त्यसभन्दा अगाडि नै उद्दार गरी नेपाल ल्याएको हो । त्यसैगरी प्रहरीले ती बालिकालाई भारत पुऱ्याउन संलग्न रहेको अरोपमा ५ महिला र १ पुरुष गरी ६ जनालाई पकाउ गरी अनुसन्धान गरिरहेको छ ।

## बालाजु बृत्तका डीएसपी विष्ट तानिए

काठमाडौं । महानगरीय प्रहरी बृत्त बालाजुका डीएसपी रविन विष्ट रानीपोखरी तानिएका छन् । सोमबार यातायात मजदुरले बालाजु क्षेत्रमा गरेको आन्दोलनलाई नियन्त्रणमा लिन नसकेपछि डीएसपी विष्टलाई उपत्यका प्रहरी कार्यालय रानीपोखरी तानिएको हो । विष्ट तानिएपछि उनको स्थानमा त्रिभुवन विमानस्थल सुरक्षा कार्यालयका डीएसपी मनोजित कुँवरलाई पठाइएको छ । सोमबार आक्रोशित मजदुरहरुको समूहले प्रहरीको दुईवटा भ्यान र अस्थायी प्रहरी पोस्टमा आगजनी गरेका थिए ।

उक्त आन्दोलनलाई नियन्त्रण गर्न असफल भएपछि डीएसपी विष्टलाई रानीपोखरी तानिएको उपत्यका प्रहरी कार्यालयका एसएसपी हिमालयकुमार श्रेष्ठले जानकारी दिए । बालाजु र बसपार्क क्षेत्रमा मजदुरहरुले सडकमा उग्र प्रदर्शन गर्नुका साथै ल्होत्से मलसहितका केही व्यापारिक भवनमा लुटपाट पनि मच्चाएका थिए ।

# ‘अप्रेशन गर्नुभन्दा पहिले एनेस्थेसिया डाक्टरलाई भेट्नु जरुरी छ’

**अप्रेशनको तयारीमा रहेका विरामीलाई बेहोस् बनाउन मिल्छ कि मिल्दैन भनेर जाँच गर्नु महत्वपूर्ण र संवेदनशील कुरा भएको एनेस्थेसिया डाक्टर एजेलीया अमात्य बताउनुहुन्छ । विरामीलाई बेहोस बनाउनुभन्दा अगाडि मुटु, फोक्सो, मृगौला वा अरु अंगहरुले कस्तो काम गरिरहेको छ, रगतमा केही खराबी छ छैन, सुगर, नुनको मात्राहरु कस्तो छ यी सम्पूर्ण कुराको जानकारी लिएपछि मात्र विरामीलाई अप्रेशनको लागि तयारी गरिन्छ । यदि खराबी छ भने त्यस अनुसारको उपचार गरी अथवा त्यसलाई कसरी न्यूनिकरण गरी अप्रेशन गर्न सकिन्छ भनी हेर्नुपर्ने हुन्छ । यसै विषयलाई लिएर डा. अमात्यसँग खोजतलास साप्ताहिकले गरेको संक्षिप्त कुराकानी :**



डा. एजेलीया अमात्य, एनेस्थेसिया, सुमेरु अस्पताल, धापाखेल

*० एनेस्थेसिया भनेको के हो ?*

कुनै पनि सर्जरी गर्नु अगाडि विरामीलाई अप्रेशन अवधिभर बेहोस बनाउने अवस्था हो एनेस्थेसिया । एनेस्थेसिया आफैमा एउटा ठूलो दायरा भित्रपर्छ, जुन तिन किसिमको एनेस्थेसियामा पर्दछ । पहिलो पूरै शरीर बेहोस बनाएर गरिने जेनरल एनेस्थेसिया, दोस्रो कुनै पनि स्पेसीफिक अङ्ग लठ्याउने र अन्तिममा कुनै एउटा सिमित ठाउँमा मात्र लठ्याउने लोकल एनेस्थेसिया ।

*० विरामीले अप्रेशन गर्नुभन्दा पहिला एनेस्थेसियाका डाक्टरलाई भेट्नु जरुरी छ ?*

अप्रेशन गर्नुभन्दा अगाडि बिरामीले एनेस्थेसिया डाक्टरलाई भेट्नु जरुरी छ । कुनै पनि अप्रेशन गर्नु अगाडि ‘प्रिएनेस्थेसिया चेक अप’ गर्नु एकदमै महत्वपूर्ण हुन्छ । अप्रेशन गर्नु अगाडि सामान्य रगत जाँच, पिसाव जाँच गर्नु आवश्यक हुन्छ नै, त्यस बाहेक यदि कुनै विरामीको चिनीको अर्थात सुगर, प्रेसर थाइराइड आदिको समस्या छ भने पहिले एनेस्थेसिया डाक्टरलाई देखाई सबै कुरा ध्यानमा राखी अप्रेशन गर्दा अझै प्रभावकारी हुनेछ । साथै कुनै व्यक्तिको चुरोट, रक्सी या अरु कुनै मादक पदार्थ सेवन गर्ने गरिएको छ भने त्यही अनुसार एनेस्थेसिया औषधीको डोज मिलाउनु जरुरीहुन्छ ।

*० विरामीलाई बेहोस बनाउन कस्ता समस्याहरु आइपर्न सक्छन् ?*

विरामीलाई बेहोस पार्दा निकै ध्यान दिई औषधीको डोज दिने गर्छौं । एनेस्थेसिया फिल्ड एकदम एडभान्स भइसकेकोले पहिले जस्तो विरामी नउठ्ने हुँदैनन् । कुनै बेला विरामी अलि ढिलो उठ्छन् । कुनै क्रिटिकल अपरेशन छ भने अप्रेशन लगत्तै भेन्टिलेटरमा हाल्छौं र विस्तारै विरामीलाई उसको अवस्था हेरेर उठाउने गर्छौं ।

*० एनेस्थेसिया प्रयोग गर्दा कस्ता सावधानीहरु अप्नाउनुपर्छ ?*

सावधानीत अप्नाउनै पर्छ । हामीलाई एनेस्थेसियाको रेसिडन्सी ट्रेनिङ्गमा सिकाइएको छ कि कुनै पनि अप्रेशन गर्नु अगाडि एनेस्थेसिया मेसिन एनेस्थेसिया, एनेस्थेसिया औषधी र एकदम छुटाउन नहुने इमरजेन्सी औक्षधीहरु सबै चेक गरेर मात्रै एनेस्थेसिया सुरु गर्छौं । एउटा अप्रेशन सकियो र एनेस्थेसिया मेसिनमा कुनै समस्या छैन भनेर चेक नगरी अर्को अप्रेशन सुरु गर्दा समस्या आउन सक्छ । त्यति मात्र नभएर बेहोस बनाउँदा घाँटीमा पाइप हालेर सो पाइप भेन्टिलेटरमा जोड्नु पर्छ । कहिले काहिँ भेन्टीलेट गर्न गाह्रो हुन सक्छ । यस्तो समस्या ट्याकल गर्ने पनि एउटा पार्ट हो जुन हामी तिन वर्षे एनेस्थेसिया ट्रेनिङमा बारम्बार डिल गरेर सिकेका हुन्छौं ।

*० जोखिमपूर्ण अनुभवहरु केही छन् कि ?*

हामीले क्रिटीकल बिरामी जस्तै दम बढेको, मुटुको समस्या भएको बिरामीको अप्रेशनहरु गर्ने गरेका छौं । अप्रेशन अगाडि अप्रेशन गर्दा आईपर्ने समस्या सबै विस्तृतमा भनेर गर्दछौं । कहिले काहिँ इमरजेन्सी अप्रेशन गर्नु पर्दा धेरै रगतहरु चढाएर पनि रक्तचापलाई नर्मलमा राखेर एनेस्थेसिया दिई अप्रेशन गर्ने गरेका छौं ।

*० एनेस्थेसिया प्रयोग पछि विरामीलाई पछि असर गर्छ कि गर्दैन ?*

बेहोस बनाई अप्रेशन गरेको बिरामीलाई बेहोस गरेर उठाइसके पछि कुनै कुनै बिरामीमा रिङ्गटा लाग्ने, वाकवाक आउने समस्या देखिन्छ । तर, यो दुई-चार घन्टा पछि हराउने गर्छ । एनेस्थेसिया पछि त्यस्तो ठूलो समस्या खासै देखिँदैन । हामीले पोस्टअपमा मिनिमम ६ घन्टा अब्जर्भ गर्ने गर्छौं ।

*० एनेस्थेसियाको भूमिका भनेको अप्रेशन थ्रेटर भित्र मात्रै हो त ?*

अझै पनि हामीहरु भ्रममा नै छौं । मेरो आफ्नै परिवारको सदस्यले पनि एनेस्थेसिया भनेको अप्रेशन थ्रेटरभित्र मात्र बुझ्ने गर्छन् । जुन बिलकुलै गलत हो । अप्रेशन गर्नु अगाडि बिरामीलाई जाँच गर्ने देखि लिएर अप्रेसन सकेको ६ घन्टादेखि कहिले काहिँ २४ घन्टासम्म पोस्ट अपमा क्लोज निग्रानीमा हाल्नु पर्ने हुन्छ ।

*० सुमेरु अस्पतालमा एनेस्थेसियालाई चाहिने उपकरणहरु उपलब्ध छन् ?*

सामान्यदेखि लिएर ठूला अप्रेशन जस्तै किड्नी ट्रान्स्प्लान्ट सुमेरु अस्पतालमा हामीले गर्दै आएका छौं । किनकी यहाँ एनेस्थेसियासँग सम्बन्धित सबै उपकरणहरु उपलब्ध छन् । एडभान्स; एनेस्थेसिया भेन्टिलेटर, भास्कुलर मनिटरिङ्ग र अप्रेशन पछि क्रिटिकल बिरामीलाई आईसीयुको फ्यासिलिटी पनि धेरै राम्रो छ ।

*० बेहोस बनाउँदा कस्ता किसिमका औषधीहरु प्रयोग गरिन्छ ?*

बेहोस पार्दा सामान्यतया ब्यालेन्स एनेस्थेसिया भनेर दुखाई नहुने साथै कुनै बेला सास फेर्दा अप्रेशन गर्न गाह्रो हुने भएकोले मसल प्यारालाइसिस गर्ने औषधी र बेहोस बनाउन ग्यासहरु चलाउँछौं । त्यस बाहेक बिरामीको कन्डिसन हेरेर अरु अैषधी पनि चलाइन्छ । यो बिरामी बिरामीमा भर पर्छ । सुमेरु हस्पिटलमा छुट्टै एनेस्थेसियाको लागि अल्ट्रासाउण्ड मेसिन पनि छ । रिजनल एनेस्थेसिया दिँदा हामी अल्ट्रासाउण्ड चलाएर अप्रेशन गर्ने ठाउँ मात्र लठ्याएर अप्रेशन पनि गर्छौं ।

*० नेपालमा एनेस्थेसियाहरु प्रयाप्त रुपमा छैन भनिन्छ नि ?*

पहिले पहिले एनेस्थेसिया पढ्नेहरु निकै कम थिए । तर अहिले एनेस्थेसिया पढ्ने संख्या विस्तारै बढ्दै गएको देखिन्छ । किनकी एनेस्थेसिया अप्रेशनमा मात्र सिमित नभई क्रिटिकल कियरपेन मेडिसिन इत्यादिमा पनि जाने गरिन्छ ।

*० किड्नी ट्रान्सप्लान्टको योजनाहरु छ कि छैन ?*

सुमेरु अस्पतालमा कोभिड–१९ अगाडि पनि सफलतापूर्वक किड्नी ट्रान्स्प्लान्ट गरिएको थियो । कोभिड–१९ को दोस्रो लहर भन्दा अगाडि एउटा सफलतापूर्वक किड्नी ट्रान्स्प्लान्ट भयो । अब फेरि पनि किड्नी ट्रान्स्प्लान्ट बिस्तारै सुरु हुने अवस्थामा छ ।

*० अन्तिममा छुटेका केही छन् कि ?*

मेरो बिचारमा विरामीहरुलाई एनेस्थेसिया सम्बन्धी अवगत गराउनु एकदमै महत्वपूर्ण छ । एनेस्थेसिया भन्दैमा विरामी सुताउने र उठाउने मात्र नभई विरामीको दिमाग, मुटु, किड्नी सबैको फङ्सन ध्यानमा राखेर त्यही अनुसारको औषधि दिन्छौं । अप्रेशन गर्दा सर्जनले सर्जरी गरिसकेको हुन्छ, तर हामी एनेस्थेसियोलोजिस्ट चाहिँ बिरामीले साँस फेर्‍यो कि फेरन, मुटुको धड्कन, ब्लड प्रेशर सबै मेन्टेन गरेर ब्यालेन्स एनेस्थेसिया दिने गर्छौं । त्यसैले सबै अप्रेशन गर्ने विरामीले आफूलाई एनेस्थेसिया दिने डाक्टर चिन्नु एकदम महत्वपूर्ण हुन्छ ।

## मन्त्रालयको कोठा-कोठाबाट सरुवाको दलाली हुन्छ : कर्मचारी नेता

काठमाडौं । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अमनलाल मोदीले मंगलबार निजामती कर्मचारी संघ संगठनका नेताहरुसँग छलफल कार्यक्रम राखे ।

छलफलमा ठट्यौली शैलीमा प्रस्तुत भएका मन्त्री मोदीलाई कर्मचारीका नेताहरुले कर्मचारीको ट्रेड युनियन अधिकार कटौती नगर्न र आफूहरुको माग र सुझाव लिन आग्रह गरेका थिए ।

उनीहरुको छलफलको मुख्य विषय थियो संघीय निजामती सेवा ऐन । अघिल्लो प्रतिनिधिसभामा लामो समय विचाराधीन रहेको उक्त विधेयक पारित हुन सकेन । अहिले सरकार यो विधेयक पुनः ल्याउने तयारीमा छ ।

नेकपा एमाले निकट नेपाल निजामती कर्मचारी संगठनका अध्यक्ष लेखनाथ कोइरालाले संघीय निजामती ऐन नआउँदा प्रदेश र स्थानीय तहमा खटिएका कर्मचारीमा निराशा देखिएको बताए । उनले स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत संघीय निजामती सेवाकै हुनुपर्ने र तहगत बढुवाको व्यवस्था गर्न पनि माग गरे । संघीय निजामती विधेयकमा आधिकारिक ट्रेड युनियनको विषय उल्लेख गरिएको तर कर्मचारी संगठनहरुको अधिकारको विषय नसमेटिएको भन्द त्यसलाई पनि छुटाउन नहुने धारणा राखे ।

नेकपा एकीकृत समाजवादी निकट एकीकृत सरकारी कर्मचारी संगठनका अध्यक्ष मोहन घिमिरेले १० दिनभित्र संसदमा दर्ता हुने भनिएको संघीय निजामती विधेयकको बारेमा कर्मचारी संगठनका नेताहरुले जानकारी पाउनुपर्ने बताए । उनले अहिले स्थानीय तहमा स्थानीय तहले भर्ना गरेको, संघबाट समायोजन भएर गएको, करारमा रहेको र पहिलेदेखि काम गरेका निजामती कर्मचारी गरी चार थरि कर्मचारी रहेको बताए । उनले भने स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत संघीय निजामती सेवाकै कर्मचारी हुनुपर्ने बताए । सरुवा प्रणाली २-२ वर्षमा गर्नुपर्ने पनि घिमिरेले बताए ।

घिमिरेले मन्त्री मोदी, सचिव कृष्णहरि पुष्करकै अगाडि सामान्य प्रशासन मन्त्रालयको हरेक कोठामा कर्मचारी सरुवाको दलाली हुने गरेको आरोप लगाए । ‘यहाँ मन्त्रालयको हरेक कोठामा सरुवाको दलाली हुन्छ, झुट बोलेको होइन । यहाँ कर्मचारीका नेताहरुलाई आउने ८० प्रतिशत फोन सरुवाकै हुन्छ ।’

घिमिरेको कुरा बीचमा रोक्दै मन्त्री मोदीले भने ‘सूचना दिनुस्, अन दि स्पट कारबाही हुन्छ ।’ मोदीले कर्मचारीका नेताहरुले पनि दलाली गर्छन् भनेर सोध्दा कर्मचारी नेताहरु मौन रहे ।

नेपाली कांग्रेस निकट निजामती कर्मचारी युनियनका अध्यक्ष गोपाल पोखरलेले कर्मचारी समायोजन सम्बन्धी समस्या तत्काल समाधान गर्नुपर्ने बताए । उनले आधिकारिक ट्रेड युनियन नभई पुरानै स्वरुपमा ट्रेड युनियन अधिकार दिन माग गरे । सरुवा बढुवामा उच्च प्रशासकहरुले बदमासी गरेको भन्दै उनले पनि तहगत बढुवा प्रणाली राख्नुपर्ने बताए । पोखरेलले नायब सुब्बाबाट शाखा अधिकृत बन्न खोज्नेका लागि आन्तरिक प्रतिस्पर्धाको व्यवस्था राख्नुपर्ने बताए । उनले पनि स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत संघीय निजामती सेवाकै हुनुपर्ने धारणा राखे ।

मन्त्री मोदीले कर्मचारी संगठनका नेताहरुलाई सोधे ‘तपाईंहरु मन्त्रीलाई, सचिवलाई घुमाइदिन्छु भन्नुहुन्छ, त्यस्तो ल्याकत हो ? फेरि यहाँ मन्त्रालयबाट कर्मचारीका नेताहरुलाई नसोधी सरुवा भएमा विरोध गर्नुहुन्छ रे ?’


जवाफमा कर्मचारीका नेताहरुले प्रक्रिया गत ढंगले सरुवा नहुँदा समस्या भएको बताए । नेपाल मधेशी कर्मचारी मञ्चका उपाध्यक्ष विजय कुमार सिंहले कर्मचारी युनियनको लागि १० प्रतिशत थ्रेस होल्ड राखेको भन्दै ३ प्रतिशतमा झार्नुपर्ने माग गरे । उनले मधेशी कर्मचारी धेरैजसो प्राविधिक क्षेत्रमा भएको तर कर्मचारी युनियनहरुले प्राविधिक कर्मचारीको विषय नउठाएको गुनासो गरे । उनले मधेशी कर्मचारी र तहगत बढुवाको विषय उठाएपछि मन्त्री मोदीले उनलाई रोक्दै अहिले सामान्य प्रशासनको नेतृत्व नै मधेहको मान्छेले गरेको भन्दै चिन्ता नगर्न आग्रह गरे । ‘म पनि मधेशी हुँ, सचिवज्यू पनि मधेशी नै हो’ उनले भने ।

माओवादी निकट नेपाल राष्ट्रिय निजामति कर्मचारी संगठनका अध्यक्ष हरि रावलले नेपालमा प्रशासनिक संघीयता कार्यान्वयन हुन नसकेको बताए । उनले तत्काल समायोजनको त्रुटी सच्याउनुपर्ने माग गरे ।

मन्त्री मोदीले संघीय निजामती ऐनको छलफलमा उठेको सुझाव ऐनमा हुबहु नसमेटिने बताए । मन्त्री मोदीको भनाइ प्रतिवाद गर्दै रावलले संसदले कस्तो ऐन बनाउँछ त्यसको जिम्मा मन्त्रीले लिन नमिल्ने बताए ।

रावलले स्थानीय तहको प्रशासकीय अधिकृत प्रदेश निजामती सेवाको हुनुपर्ने र प्रदेश सरकारको प्रमुख सचिव संघीय निजामती सेवाको हुनुपर्ने धारणा राखे । रावलले निजामती कर्मचारीले लगाउने कपडा उत्पादन गर्न कर्मचारी सञ्चय कोषको लगानीमा उद्योग खोल्नुपर्ने, निजामती अस्पताललाई शिक्षण अस्पतालको रुपमा लैजानुपर्न धारणा पनि राखे । मन्त्री मोदीले कर्मचारी संगठनहरुको सबै माग पूरा गर्न नसक्ने भन्दै संगठनहरु पनि लचिलो बन्नुपर्ने सरकार पनि लचिलो बन्नुपर्ने बताए । अब संघीय निजामती सेवा ऐन बनाइहाल्नुपर्ने भएकोले सबैले जित्ने ‘विन विन’को रुपमा टुंग्याउनुपर्ने उनले बताएका थिए ।

मन्त्री मोदीले पालिकास्तरमा पनि ट्रेड युनियन गठन गरेर नेता जम्मा गर्ने काम नगर्न कर्मचारी संगठनका नेताहरुलाई आग्रह गरे । ‘हरेक पालिकामा किन चाहियो ट्रेड युनियन, ७ वटै प्रदेशमा भएपछि त्यहींबाट कमाण्ड हुँदैन ?’ उनले प्रश्न गरे, ‘कर्मचारी युनियनहरुले आफ्नो सदस्य त टोल कमिटी बनाएर दिए पनि भइहाल्छ नि, तर आधिकारिक चाहिँ प्रदेशमा सीमित राखौं ।’ मोदीले कर्मचारीको कार्यसम्पादन मूल्यांकनमा १० प्रतिशत अंक सेवाग्राहीबाट भराउने पनि बताए । उनले संघको कर्मचारी स्थानीय तहमा जानुपर्ने पनि बताए । ‘यहाँ यत्रो कर्मचारी किन ? यहाँ कर्मचारी घट्दैन ? सबै अधिकार संघलाई नै चाहिन्छ भन्ने के छ ? अगाडिको मन्त्रीहरुले अधिकार छोड्न नखोज्दा ऐन बनेन अब जसरी भएपनि बनाउने हो’ मोदीले भने ।



## सम्पादकीय

# देश टाट पल्टने संकट टरेको छैन

देश टाट पल्टने खतराबाट त बचेको छ तर लगानीकर्ताहरु धमाधम संकटमा पर्नुले अर्थतन्त्रमा खतराको घण्टी यथावत् छ। रोजगारीका अवसरहरु गुमिरहेका छन् भने नयाँ लगानीकर्ताहरु बढ्ने वातावरण बन्न सकेको छैन। त्यसैले होला नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिको अर्द्धवार्षिक समीक्षामा विदेशी विनिमय सञ्चिति बढेको विषयलाई ठूलो सफलताका रुपमा उल्लेख गरेको छ।

> **ठूलो लगानी कृषि क्षेत्रमा भएपनि देशले अरबौं मूल्य बराबरको कृषि उत्पादन आयात गर्छ। यसबाट लगानी वास्तविक कृषकमा भन्दा अयन्त्र बढी भइरहेको प्रश्न उब्जिएको छ।**

श्रीलंका टाट पल्टेपछि नेपालले विदेशी मुद्रा सञ्चितीमा बढी केन्द्रित भएर देशले आयात धान्न सक्ने क्षमतामा पुऱ्याउन सक्यो। विदेशी मुद्रा देशबाट बाहिरिनबाट रोक्न सवारी साधन, रक्सीलगायतको आयातमा कडाई नै गऱ्यो। आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिको अर्द्धवार्षिक समीक्षामा उल्लेख भएअनुसार असोजदेखि शोधानान्तर स्थिति बचतमा रहन थालेको छ भने मुद्रा स्फीति कम हुँदै गएको छ। २०७९ को पुस मसान्तमा ९.१ महिनाको वस्तु तथा सेवा आयात धान्नपुग्ने विदेशी मुद्रा सञ्चिति रहेको राष्ट्र बैंकले उल्लेख गरेको छ।

मुद्रा स्फीति ७ प्रतिशतको सीमाभित्र राख्ने लक्ष्य रहेकोमा पहिलो ६ महिनामा ८.०२ प्रतिशत रहेको जनाइएको छ। गत वर्षको तुलनामा ब्याजदर बढी हुँदा लगानीकर्ता मारमा परेका छन्। राष्ट्र बैंककाअनुसार वाणिज्य बैंकहरुको औसत आधार दर २०७९ पुसमा १०.९१ प्रतिशत पुगेको छ जब कि गतवर्ष पुसमा ८.४२ प्रतिशत रहेको थियो। कर्जाको भारित औसत ब्याजदर यो वर्षको पुसमा १२.७९ रहेको छ जब कि गतवर्ष पुसमा ९.४४ मात्र थियो। यो हदसम्म कर्जाको ब्याजदर बढ्दा धेरै लगानी डुब्नेदेखि संकटमा पर्दै गएका छन्। कृषि क्षेत्रमा वाणिज्य बैंकहरुले कुल कर्जा लगानीको १३ प्रतिशत अर्थात् ५४३ अर्ब ४७ करोड लगानी रहेको उल्लेख छ। रोचक त यो छ कि यति ठूलो लगानी कृषि क्षेत्रमा भएपनि देशले अरबौं मूल्य बराबरको कृषि उत्पादन आयात गर्छ। यसबाट लगानी वास्तविक कृषकमा भन्दा अयन्त्र बढी भइरहेको प्रश्न उब्जिएको छ।

लघु, घरेलु, साना एवम् मझौला उद्यमका क्षेत्रमा वाणिज्य बैंकहरुको ३९६ अर्ब ९१ करोड लगानी रहेको राष्ट्र बैंकले जनाएको छ। तर, उत्पादन घट्दै जानेदेखि रोजगारीका अवसरहरु गुम्नुले लगानीको नियमन माथि प्रश्न उठेको छ। ३४० अर्ब कर्जा विपन्न वर्गमा लगानीमा रहेको जनाइएको छ। यो आर्थिक वर्षको ६ महिनामा निर्यात ३२ प्रतिशत र आयात २०.७ प्रतिशत र व्यापार घाटा १९.२ प्रतिशतले घटेको जनाइएको छ। विशेषगरी केही वस्तुहरुको आयातमा लगाइएको प्रतिबन्द र प्रतीतपत्र खोल्दा जगन मार्जिन राख्नु पर्ने सम्बन्धी व्यवस्थाले यस्तो भएको हो। पर्यटकको गतवर्षको तुलनामा शतप्रतिशत वृद्धि भएको जनाइएको छ। राष्ट्र बैंकले ब्याजदर घट्न शुरु भएकोले आर्थिक गतिविधिहरु विस्तार गर्न सहयोग पुग्ने आशा गरेको छ। तर, लगानीकर्ताहरुले कर्जामा लिएको ब्याजदर घट्ने छाँटकाँट अझै छैन। यतिसम्मकी बैंकहरुले फागुनमा कर्जाको ब्याजदर नघटाउने जानकारी दिइसकेका छन्। आउँदो वर्षको जेठ मसान्तसम्मका लागि कर्जाको साँवा वा ब्याज दायित्व भाखा नाघेको एक महिना भित्र भुक्तानी गरेमा पेनाल ब्याज लिन नपाइने व्यवस्था गरेर उद्योगी व्यवसायीलगायत कर्जावालालाई थमथमाउन खोजिएको छ। तर, कर्जाको ब्याज घटाउनेतर्फ ध्यान नदिँदा लगानीकर्ता हतोत्साही हुनेदेखि रोजगारीका अवसरहरु धमाधम गुम्ने खतरा बढेको छ। यसतर्फ सम्बन्धित निकायले चासो देखाइहाल्नुपर्ने अवस्था आइसकेको छ। समयमै चेत खुलोस्।

# लैंगिक हिंसाले मनोसामाजिक समस्या



**गोपाल ढकाल**
मनोविद्

महिलालाई महिला भएकै कारणले तथा पुरुषलाई पुरुष भएकै कारणले अथवा लिंगका आधारमा महिला वा पुरुषमाथि हुने कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार वा हिंसालाई लैंगिक हिंसा भनिन्छ। लैगिक हिंसाले मानव अधिकारको उपहार गरिरहेको हुन्छ। विशेष गरि पितृ सतात्मक समाजमा पुरूष भन्दा महिलाहरूनै वढी लैगिक हिंसाको शिकार भइरहेका हुन्छन्। धेरैजस्तो अवस्थामा महिला माथी पुरूषले हिंसात्मक व्यवहार गरिरहेको हुन्छ भने कतिपय अवस्थामा महिलामाथी महिलाले नै हिंसा गरिरहेका उदाहरणहरू पनि भेटिन्छन्।

विभिन्न ठाउँ तथा परिस्थितिमा महिलाहरू माथि हिंसा भइरहेको हुन्छ।आफूले काम गर्ने ठाउँ एवं कार्यालयहरूमा आफ्नै सहकर्मी एवं हाकिमबाट हुने हिंसा, बजार,सडक, यातायातका साधन, विद्यालय लगायत आफ्नै घर परिवार भित्र पनि श्रीमान, सासु, ससुरा, नन्द, भाउजु, दाजुभाइबाट महिलाहरू लैगिक हिंसाको सिकार हुने गरेकाछन्।महिला र पुरूष बीचको लैगिक भेदभाव र असमानता घटाउने, महिलाहरू माथि हुने सबै प्रकारका लैगिक हिंसाहरूले अन्त्य गर्ने जस्ता विषयमा चर्को बहस र छलफल हुने गरेता पनि व्यवहारमा यी कुरा लागू हुन सकिरहेका छैनन्।

**महिला हिंसाका कारणहरु**

पितृसतात्मक सोच र मानसिकताले लैङ्गिक हिंसा बढ्नमा ठूलो प्रभाव पारिरहेको हुन्छात्यसै गरि परम्परा, धर्म, संस्कृति र रितिरिवाजका आडमा समेत महिलामाथि हिंसा भइरहेको हामी पाउछौं। जाँड रक्सी तथा लागु पदार्थको सेवनले समेत नेपाली समाजमा महिला माथिको हिंसा बढाएको देखिन्छ। महिला हिंसाको अन्य कारणहरुमा शिक्षा, चेतनाको कमी, महिलाहरु आफैमा सबल र सक्षम हुन नसक्नु, सधै अरु माथी आत्म निर्भर भई रहनु पनि हुन। कतिपय अवस्थामा मानसिक रोगका कारणले पनि घरेलु तथा लैङ्गिक हिंसाका घटनाहरु हुन सक्छन्।

घरपरिवार तथा समाजमा हुने गरेका लैङ्गिक हिंसा वा शोषणहरूका घटनाहरु बाहिर नल्याई भित्रभित्रै सुल्झाउने, ढाकछोप गर्ने वा उल्टै पिडितलाई दोषि देखाउने गरेको घटनाहरु समेत पाईन्छ। यस्तो कार्यले महिलाहरू भित्र भित्रै मानसिक रूपमा विक्षिप्त हुने, सधै अन्यायमा परेको महसुस गर्ने, आत्मविस्वास गुम्ने,नैरस्यताको सिकार भई आत्महत्याको प्रयास वा आत्महत्या समेत गर्ने गरेका घटनाहरु छन।

**महिलामाथि हुने हिंसाका स्वरूपहरू**

महिला माथी लैङ्गिक हिंसाका विभिन्न रुपहरु रहेका छन। बोक्सीको आरोप,यौन दुर्व्यवहार तथा छेडछाड, दाईजो प्रथा, जवर्जस्ती गर्भ पतन, छाउ प्रथा, दाईजो प्रथा,आर्थिक अधिकारवाट बन्चित गरिनु, विभिन्न किसिमका लान्छना लगाउनु, काम तथा तलबमा विभेद गर्नु। महिलाहरू माथी हुने लैङ्गिक हिंसालाई यसरी वर्गिकरण गर्न पनि सकिन्छ।

**शरीरिक हिंसा**

कुटपिट गर्नु, एसिड छ्याप्ने, घोक्र्याउने, लछारपछार गर्ने कामको बोझ थोपरेर दुःख दिने जस्ता कार्यहरु महिलाहरूमाथि हुने शारीरिक हिंसाका रुप हुन्।

**यौन हिंसा**

जबरजस्ती यौन व्यवसायमा लगाउने, यौन कार्यमा लाउन किनबेच गर्ने, बलात्कार वा अन्य यौन दुव्यवहार महिलाहरूमाथि हुने यौन हिंसाका रुप हुन्।

**मानसिक हिंसाः**

अपशब्दको प्रयोग गर्नु, लान्छना लगाउनु, छोरी जन्माई भनेर हेला गर्नु, अर्को विवाह गर्न धम्की दिनु, बाँझो विधवाजस्ता शब्दको प्रयोग गर्नु, अरूका अगाडि होच्याउनु, इच्छा र आकाक्षा दबाउनु, दुर्व्यवहार गर्नु, चिठ्ठी टेलिफोन, इमेल इन्टरनेटबाट धम्की दिनु, ब्लाकमेलिङ्ग गर्नु अश्लिल तस्वीर, भिडियो सार्वजनिक गर्नु मानसिक हिंसाका उदाहरण हुन्।

**परम्परागत हिंसा**

बालविवाह, बहुविवाह, दाइजो, बोक्सीको आरोप, बादी प्रथा, छाउपडी, देउकी, झुमा आदी जस्ता सामाजिक परम्परा तथा विश्वासले समेत महिलाहरू माथि हिंसा भइरहेको छ।

**आर्थिक हिंसा**

महिलालाई आर्थिक आय आर्जनको काम गर्न रोक लगाउनु, घर धन्दामा नै सीमित गर्नु,आर्थिक रूपमा आश्रित पार्नु,सम्पत्तिको हकमा अवरोध पुऱ्याउनु ,समान काममा असमान ज्याला,श्रम शोषण जस्ता कुराले महिलाहरू आर्थिक रूपमा हिंसाको शिकार भइरहेका हुन्छन्।

**सामाजिक तथा राजनीतिक हिंसा**

महिलाहरूलाई राजनीति वा समाजसेवामा लाग्न बाट बञ्चित गराउनु, समाजमा कार्य गर्ने अवसरहरू नदिनु,राजनीतिमा वा सामाजिक कार्यमा लागेका महिलाहरूको चरित्रहत्या गर्नु, उच्च पदमा पुग्न नदिने गरेर छेकबार लगाउनु गरेर समेत महिलाहरू माथि हिंसा भइरहेका छन्।लैगिक हिंसाको परिणामका रूपमा महिलाहरूमा विभिन्न किसिमको मनोसामाजिक समस्याहरू देखापर्ने गरेकाछन्।

**लैङ्गिक हिंसाले मनोसामाजिक समस्याको जोखिम**

लैङ्गिक हिंसाले मानसिक एवं मनोसामाजिक समस्याको जोखिम बढाउने गरेको विश्व भरि गरपएका विभिन्न अध्यानहरुले देखाएको छ। नेपालमा पनि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले सन् २०१२ मा देशका ६ जिल्लाहरुमा गरेको अध्ययन प्रतिवेदन अनुसार नौसय नमुना उत्तरदाता महिलाहरु मध्ये ४ सय ३२ जनाले लैगिक हिंसाको अनुभव गरेको उल्लेख गरेका छन्। लैगिक हिंसा व्होर्ने ४ सय ३२ जना मध्ये ६९ प्रतिशतलाई मानसिक समस्या भएको र २९ प्रतिशतमा आत्महत्या गर्ने सोँच आएको साथै ७ प्रतिशले आत्महत्याको प्रयास गरेको पाइएकोछ।

लैङ्गिक हिंसामा परेका व्यक्तिहरुमा विभिन्न किसिमका मानसिक तथा मनोसामाजिक समस्याका लक्षणहरु देखिने गर्दछन।मन उदास हुने, अनावश्यक डर लाग्ने, चाडो रिस उठ्ने, ज्यादै चिन्ता गर्ने, द्विविधामा पर्ने, निर्णय गर्न नसक्ने, साथी भाईहरूसँग घुलमिल, कुराकानी गर्न मन नलाग्ने,कसैलाई विस्वास गर्न नसक्ने, विभिन्न शारीरिक समस्याहरू देखापर्ने, कमजोर भएको महसुस गर्ने, केही काम गर्न मन नलाग्ने, दिक्दार लाग्ने, एक्लो महसुस गर्ने, आफुलाई नै दोषी ठान्ने, आत्महत्याको सोच आइरहने, निन्द्रा नलाग्ने, रून मन लाग्ने, के होला, कसो होला भनेर भविष्य तथा घर परिवारको चिन्ता गरिरहने जस्ता लक्षणहरु देखिन सक्छन्। लैगिक हिंसाका कारण देखा परेका समस्याको समाधानको निम्ति, औषधि उपचार, मनोविमर्श एवं भावनात्मक सहयोगका साथै कानुनी तथा अन्य आवश्यक सहयोग प्रदान गर्नुपर्छ।

*(लेखक मार्क नेपाल मनोसेवा केन्द्रमा कार्यरत छन्)*

# प्रेम के हो ?

*ध्रुवसत्य परियार*

भर्तृहरि नीतिशतक भन्छ, 'शास्त्रको रहस्य थाहा नपाउने, आफूलाई ठूलो विद्वान् सम्झदै हिँड्ने पुरुषले युवतीलाई निन्दा गर्छ र युवतीसँगको सहचार्य छाड्छ भने ऊ स्वयं ठगिन्छ। किनभने अनेक तपस्याद्वारा प्राप्त हुने फल भन्नु स्वर्ग हो। स्वर्गमा पनि अप्सरालाई भोग्न पाएपछि मात्रै मुख्यफल पाइएको मानिन्छ।'

यस नीतिवचनले युवतीको निन्दा नगर्न, बरु युवती प्राप्तिका लागि तपस्या नै गर्न भनेको छ। यो नीतिवचन लेख्ने राजा भर्तृहरिबारे एउटा जनश्रुति छ। पिंगला नाम गरेकी परम सुन्दरी उनकी पत्नी थिइन्। पिंगलालाई खुसी राख्नुबाहेक उनको अर्को उद्देश्य थिएन। पिंगला भने भर्तृहरिलाई भन्दा दरबारकै दरोगा नाम गरेको सैनिकलाई मन पराउँथिन्।

एक दिन भर्तृहरिलाई भेट्न एक ब्राह्मण आए, उनले राजालाई भने, 'महाराज! तपस्या गरिरहेका बेला मलाई ईश्वरले एउटा फल दिएर भन्नुभयो- यो दिव्य फल हो, यसलाई खाने मानिस सधैं जवान रहन्छ। महाराज! म धनहीन छु। यो दुःखी जीवन लामो समयसम्म रहोस् भन्ने म चाहन्नँ। मलाई केही धन दिनुभयो भने पनि यो फल हजुरलाई टक्र्याउँछु।'

ब्राह्मणलाई सन्तुष्ट हुने गरी धन दिएर उनले त्यस 'अमर' नामक फल प्राप्त गरे। फल लिइसकेपछि उनीमा विचार आयो- पिंगला नै सधैं जवान रहुन् र मैले बाँचेसम्म भोग गरिरहन पाऊँ। उनले रानीलाई फल दिँदै भने, 'हे प्यारी पिंगला! यो फल खाएपछि मानिस सधैं यौवनावस्थामा रहन्छ, यसलाई तिमीले खाऊ। बुढो हुँदा पनि मैले तिम्रो जवानीले उन्मुक्त रूप हेरिरहन पाउनेछु।'

खुसीले फल लिएर रानी आफ्नो शयन कक्षतिर लागिन्। उनलाई प्रेमी दरोगाको सम्झना भयो। प्रेमीलाई फलको रहस्य बताउँदै उनले भनिन्, 'मेरो लागि तिमी नै सबैभन्दा प्यारो छौ। तिमी सधैं जवान भयौ भने मैले पछिसम्म आनन्द प्राप्त गर्नेछु।'

फल पाएपछि दरोगाले आफ्नी अर्की प्रेमिकालाई दिए, जो नगरवधु थिइन्। जवान प्रेमिकालाई आफूले सक्दासम्म भोग गर्ने चाहना दरोगामा जाग्यो। फल पाएपछि ती नगरवधुको मनमा पनि अनेकौं कुरा खेल्न थाले। उनले आफूलाई असाध्यै मन पराउने व्यक्ति भर्तृहरिलाई सम्झिइन्। आफू सधैं जवान भई नगरभरिका पुरुषबाट लुटिनुभन्दा जवान राजाबाटै लुटिनुलाई उनले उचित ठानिन्। आफैले दिएको फल घुम्दै जब आफ्नै हातमा आइपुग्यो, राजा भर्तृहरि झसंग भए। फल कस-कसको हातमा कसरी पर्न गयो भन्ने कथा पनि उनले गुप्तचरद्वारा पत्ता लगाए। यस घटनापछि रानीले आत्महत्या गरिन्, राजा भर्तृहरि उदास भए। तत्पश्चात् उनी सांसारिक प्रेम, भोग, विलास र मोहबाट अलग हुन थाले।

यस कथा त्यति तर्कसंगत लाग्दैन। किनभने गरिब ब्राह्मणले धनका लागि जवान हुने फल बेचेका छन्। धनै चाहिएको हो भने उनले जवान भएर कमाउन सक्ने सम्भावना थियो। ठीक छ, उनले बेचे। राजा आफैं किन खाएनन्? एउटा राजा सधैं जवान हुन्थे त, यौवनले उन्मुक्त पिंगलाहरूको उनलाई खाँचो हुँदैनथ्यो। यो कथाले दुई कुरातिर संकेत गरेको छ– धनको मोह र जवान प्रेमी, पत्नी वा प्रेमिकाप्रतिको मोह।

राजा भर्तृहरिले जीवनभरि तरुनी पत्नीलाई भोग गर्ने मोह राखे भने रानी पिंगलाले जीवनभरि एक जवान प्रेमी चाहिन्। सायद राजा अन्य नगरवधुतिर लाग्दा पिंगलाले प्रेमको अभाव महसुस गरेकी थिइन्। आफूलाई असाध्यै मूल्य दिने र माया गर्ने सैनिक नै जवान होस् भन्ने उनको चाहना रह्यो। उनी सधैं यौवनावस्थामा हुन्थिन् भने यस्ता सैनिक प्रेमीको कमी हुने थिएन। हुन सक्छ, उनका लागि सैनिकको प्रेम ठूलो भयो। अर्कोतिर, राजाले फल नगरवधुलाई नै दिन सक्थे, सायद उनले यौन र प्रेममा वैधानिकता चाहे।

यो त कथा हो, तपाई यसमा अनेक तर्क गर्न सक्नुहुन्छ। कुरा स्पष्ट छ, प्रेम र यौन हाम्रो जैविक आवश्यकता हो। अब प्रश्न उठ्छ- कुन प्रेम, कस्तो प्रेम?

यसमा हामी अनेक शब्द, ठुल्ठूला तर्क वा सिद्धान्तमा फस्न आवश्यक छैन। माया-मोह भन्नुस् वा प्रेम नै भन्नुस्। सामान्य सिद्धान्त यही हो, प्रेम दुई प्रकारका हुन्छन्- यौनजन्य र यौनरहित।

सामान्यतः एउटा मान्छे अर्को मान्छेप्रति किन आकर्षित हुन्छ? किनभने, उसलाई त्यस्तो व्यक्तिको अभाव छ, वा आवश्यकता छ। एउटा मान्छे अर्को मान्छेलाई मन पर्छ- साथीका रूपमा, असल मान्छेका रूपमा, असल प्रेमी वा प्रेमिकाको रूपमा, असल यौन सहकर्मी आदि रूपमा।

आफूले खोजेको व्यक्ति कस्तो हुने भन्ने मानक वा माग हामीले पहिले नै दिमागमा बोकेर हिँडेका छौं। जब त्यो मिल्न जान्छ, अनि हामीलाई व्यक्ति मन पर्न थाल्छ।

कोही मान्छेको अनुहार हेर्दै हामीलाई रिस उठ्न पनि सक्छ, यस्तो किन हुन्छ? यो प्रश्नको जवाफमा जानुअघि केही पृष्ठभूमि बुझ्न आवश्यक छ। सामान्यतः हरेक व्यक्ति उमेरसँगै प्रेमी (प्रेम गर्ने) हुन्छ, अर्थात् उसको हृदयमा विपरीत लिंगीप्रति प्रेम पलाउन थाल्छ। र, हरेक व्यक्ति अनुभवसँगै मनोवैज्ञानिक हुन्छ, अर्थात् उसले अर्को मान्छेको अनुहारको भाव, शरीरको हाउभाउ, बोली-व्यवहार आदि नियालेर आफ्नै किसिमले धारणा बनाउँछ। यस्तो धारणा बनाउनुमा पनि पूर्वआग्रह, पूर्वमानक वा मान्यता जिम्मेवार हुन्छन्।

अर्कोतिर, दुःखसुख, घमण्ड वा रिस, प्रेम र घृणा आदि सबैभन्दा पहिले नजानिँदो ढंगले मान्छेको अनुहारमा उत्रेको हुन्छ। यसमाथि हरेक मान्छेको आ-आफ्नै स्वभाव हुन्छ। त्यस स्वभावमा वर्ग, समाज, पारिवारिक अवस्था अनुसार जस्तो संस्कार मिसिन पुग्छ, सोही बमोजिम उसले व्यवहार व्यक्त गर्छ, अनुहारमा भाव ल्याउँछ। कसैकसैले ज्ञान, अनुभव, प्रशिक्षण वा साधनाले पनि आफ्नो अनुहारको भावमा नियन्त्रण गर्न सक्छन्। तपाईं हामी सामान्य मानिसले जति बल गर्दा पनि दुःखसुख, रिस-घृणा आदि भावलाई अनुहारमा उत्रनदेखि रोक्न सक्दैनौं।

अब अनुहार हेर्दै किन रिस उठ्छ भन्ने प्रश्नको जवाफमा जाऔं। तपाई एकछिन विचार गर्नुस् त- कस्तो मुख बनाएर बोल्ने, कसरी हाँस्ने, कसरी हिँड्ने, कस्तो लवाइखवाइ भएको, कस्ता कुरा गर्ने मान्छे तपाईंलाई मनपर्छ वा मनपर्दैन?

यसरी मनपर्ने वा नपर्ने मान्छे भेटिनुअघि नै कसैको बोली-व्यवहार, रूपरंग, पोसाक आदिसँग तपाई कुनै न कुनै रूपमा ठोकिनुभएको थियो। अथवा, कुनै व्यक्तिको बारेमा तपाईंलाई कसैले पहिले नै नकारात्मक वा सकारात्मक कुरा सुनाएका थिए र सोही बमोजिम तपाईंले धारणा बनाउनुभयो। तपाईंको दिमागमा त्यस व्यक्तिको रूप, आकृति, स्वर, अथवा उसबाट आएको गन्ध आदि रेकर्ड भएका छन्। कहिलेकाहीं कुनै गन्ध नाकमा ठोकिएपछि, कुनै आवाज सुनेपछि वा आकृति देखेपछि धेरै पहिलेको कुनै घटना वा दृश्य तपाईंलाई याद हुन्छ, कारण पहिलेको त्यस घटना वा दृश्यलाई जनाउने कुनै कोड तपाईंको दिमागमा रेकर्ड छ। नियम यही हो- पूर्वधारणा वा मान्यताकै कारण तपाईंलाई कोही मान्छे देख्नेबित्तिकै मनपर्दैन वा मनपर्छ।

अब जाऔं व्यवहारको सिद्धान्तमा। कोही मान्छे तपाईंलाई सुरुमा खासै मन परेको होइन, तर क्रमशः उसको व्यवहार मनपर्न थाल्यो। मानवीय जीवनमा व्यवहारको सिद्धान्त सबैभन्दा महत्वपूर्ण छ। सामान्यतः एउटा मान्छेले अर्को मान्छेको व्यवहार सजिलै बुझ्छ, त्यस व्यवहारलाई स्वीकार गर्नु र अस्वीकार गर्नु फरक कुरा हो। यही हो, सम्बन्धको खेल। यही खेल नियम र न्यायमा हुँदा संसारमा शान्ति र प्रेम मौलाउँछ। यही खेलमा नियम र न्याय तोडिँदा संसारमा लडाइँ, झगडा, वैमनश्यता, युद्ध भड्किन्छ।

घर-परिवारका सदस्यबीचको व्यवहार, एक व्यक्ति र अर्को व्यक्तिबीचको व्यवहार, छिमेकीबीचको व्यवहार, एउटा समुदाय र अर्को समुदायबीचको व्यवहार, राज्यले नागरिकलाई गर्ने व्यवहार, एक राज्यले अर्को राज्यलाई गर्ने व्यवहार- यसैले संसारमा प्रेम वा घृणा जन्माइरहेको छ। यसो हुनुमा पनि हाम्रा पूर्वआग्रह, पूर्वधारणा वा पूर्वमान्यता जिम्मेवार हुन्छन्।

आज हामीले आफ्नो फाइदाको मान्छेसँग मात्रै असल व्यवहार गर्छौं। अब प्रश्न उठ्छ, असल व्यवहार के हो? के जसलाई जस्तो व्यवहार मनपर्छ, त्यस्तै व्यवहार गर्नु असल व्यवहार हो? होइन। कसैलाई आफ्नो आर्थिक, सामाजिक, पदीय हैसियत अनुसारको व्यवहार मनपर्न सक्छ। तर, एउटा मानिसले अर्को मानिसलाई सबैभन्दा पहिले मानिसकै रूपमा सम्मानित व्यवहार गर्नुपर्छ, न कि उसको सामाजिक हैसियतका रूपमा। यहींबाट सच्चा प्रेम सुरु हुन्छ।

प्रेममा यौन मिसिनु जैविक आवश्यकताको कुरा हो। यसमा हामी केही फराकिलो हुनैपर्छ। प्रेमी-प्रेमिका र पति-पत्नी काम वा रोजगारीका सिलसिलामा एकअर्कादेखि टाढा छन् भने सबै रूपमा उनीहरूबीच भेट हुने वातावरणका लागि सुविधा दिनुपर्छ।

अन्त्यमा, जब हामीले सामाजिक, आर्थिक, राजनीतिक, पदीय आदि हैसियतका आधारमा व्यवहार गर्छौं, त्यसले विभेद र वैमनश्यता जन्माउँछ। तपाईंलाई मेरा कुरा कस्तो लाग्यो? वास्तवमा म व्यवहारमा कमजोर छु, आफ्नै कमजोरीमाथि चिन्तन गर्दा यो आलेख जन्मेको हो।

# समुन्नत समाज निर्माणको सशक्त सोच

मानव सभ्यताको प्रारम्भिक चरण जंगली युग अथवा ढुंगे युगबाट आरम्भ भएको देखिन्छ। अविच्छिन्न फिरन्ते संस्कृतिबाट कृषि अथवा खेतीपातीमा आधारित जीवन प्रचलनमा रूपान्तरण भयो। खेतीपाती कर्मका कारण मानवलाई निश्चित ठाउँ र समूहमा बस्नुपर्ने आवश्यकता बोध भयो। त्यसपछि परिवारको विकास भयो। परिवारको विकासले समाज र समाजको विकासले राष्ट्रको निर्माणलाई सहयोग गऱ्यो।

सम्पन्नता र सहजताको बहारसँगै हाम्रो समाजमा विभिन्न खालका समस्यासमेत विद्यमान छन्। मानव सभ्यताका चार युगमध्ये वर्तमानमा हामी बाँचिरहेको कलियुगमा त्यस्ता समस्या, विलचन र अव्यवस्थाको उत्कर्ष देखिँदैछ। यस्ता समस्यामध्येको मुख्य एक समस्यालाई उजागर गर्दै यसको निर्मूलीकरणमा सशक्त विकल्प सुझाउने एउटा पुस्तक निकट भविष्यमा नै हामीमाझ आइपुग्दैछ। अहिले संयुक्तराज्य अमेरिकामा वसोबास गर्नुहुने युवा लेखक, अध्येता, शोधार्थी, अन्वेषक जय साहले लेख्नुभएको पुस्तक 'द कल्किस्ट मेनिफेस्टो : अ रोडम्याप टु इन्ड कलियुग' आम पाठकलाई एक रोमान्चक र गहन अध्ययन सामग्री हुनेछ।

समाजलाई अधोगतिमा धकेल्ने, सामाजिक अन्तर्घुलनता र सद्भावलाई विखण्डन गर्ने, अहम् तथा भेदभाव अनि बर्बरताको आधार निर्माण गर्ने थुप्रै कारणमध्ये जातीय प्रथा पनि एक हो। लगभग एकलाखजति मात्रको सानो जनसंख्या र अरू धर्म नभएको समयमा भारतमा यसको उद्भव भएको देखिन्छ। यसखाले अभ्यास संसारका लगभग सबैजसो देशबाट उन्मूलन भइसके पनि हामीकहाँ भने अझै यथावत् छ। यसले नै समाजमा द्वन्द्वको सुरूवात पनि भएको छ। पुस्तकले समाजमा रहेका यस्तै विषय उठानबाट विश्लेषणको आधार बनाएको छ।

लेखकको अनुसन्धानले समाजमा प्रचलित पेशाको आधारमा निर्धारण गरिएको तत्कालीन पुरानो जातीय प्रथाको आधार यस्तो देखिन्छ।

| जातीय हैसियत | पेशा |
|---|---|
| ब्राह्मण | दक्षिणा लिएर जीवन यापन गर्ने |
| क्षत्रिय | कर संकलन गरेर जीवन जिउने |
| वैश्य | नाफा ब्याजमार्फत जीवन चलाउने |
| शूद्र | शारीरिक परिश्रम तथा मेहनतले खाने |
| दलित | मेहनतले खाने |

गतिविधि र जातीय विभेदले भारतीय उपमहाद्वीपका समाजलाई धेरै नै गिजोलेको छ। यस्तो समस्या निम्तिनुमा राजनीतिकदेखि सामाजिक पक्षको पनि उत्तिकै भूमिका छ। यसले समाजलाई झन बहुपक्षीय संघर्षतिर लैजाने खतरा व्याप्त हुँदैगएको सत्यता नकार्न मिल्दैन। तसर्थ जातीय प्रथाको समूल निराकरण गर्न सुधारका जबर्जस्त कदम उठाउनुपर्छ भन्ने निष्कर्षमा लेखक पुगेका छन्।

त्रेतायुगमा रावणलाई ब्राह्मण भएपनि मांसाहारी भएको र मद्यपान गर्ने गरेका कारण राक्षस वर्गमा चित्रण गरियो। अहिले कलियुगमा ९५ प्रतिशत ब्राह्मण परिवारमा समेत मासु र मदिराको नियमित उपभोग हुन्छ। अनि तथाकथित रूपमा तल्लो जात भनि देखाइएका अधिकांश समूहका मानिस भने शाकाहारीमात्र नभईमद्यपान पनि गर्दैनन् तर उनीहरूलाई तल्लो जातको रूपमा नै चित्रण गरिन्छ।

पछिल्लो सामाजिक परिवेशलाई इंगित गर्दै लेखक भन्छन्-अहिले ९० प्रतिशत ब्राह्मण परिवारले मासु खान्छन् र मदिरासमेत सेवन गर्छन्, ९० प्रतिशत क्षत्रियहरू योद्धाको जागिर वा व्यवसायबाहेक अरू काम गर्छन्, ५० प्रतिशत वैश्यले जागिर वा खेतीपातीलगायत वा बाहेक अन्य काम गर्छन्। ६० प्रतिशत वा सोभन्दा माथिका शूद्र र दलितहरूले आफ्नो जीवनशैलीलाई मध्यमवर्गीय समुदायको रूपमा परिवर्तन गरेका, समुन्नत जीवनशैलीको विकास गरेका छन् तर अझै पनि उनीहरूलाई शूद्र र दलितको रूपमा चित्रण गरिएको छ।

पेशाका आधारमा प्राचीन जातीय प्रथा निर्माण भएको थियो। आज जीवनयापनमा निर्णायक पक्ष परिवर्तन भएपनि जातीय प्रथा र परिचय केवल उही नै छ। लेखकको अभिरूचि यस्तो छ कि जातीय व्यवस्था समाजबाट हटोस्, यसको प्रभाव र असर निमिट्यान्न होस्।तर केवल यसको विरोध गरेरमात्र यो सम्भव छैन। जातीय प्रथालाई पूर्णतः हटाउन सकिन्न तर पुरानो प्रथालाई विस्थापन गरेर समयसार्न्दभिक नयाँ प्रथा ल्याउन सकिन्छ। जातीय पक्ष केहीहदसम्म पहिचानसमेत भएकाले यसमा क्रान्तिकारी तथा आमूल सुधार गरेर यसको प्रभाव घटाउन सकिन्छ। तत्काल जातको अभ्यास पूरै हटाउन सम्भव छैन किनकि सबैको नामसँग उपनाम जोडिएको छ। लेखक सुझाउँछन्- सबै परिवार र आफन्तले चाहे वा अनुमोदन गरेमा मानिसलाई स्वेच्छाले आहारविहार, खानपिन, पेशा र वर्तमानमा अपनाएको जीवनशैलीको आधारमा जात परिवर्तन गर्न भने दिनुपर्छ। जातीय व्यवस्था विगतमा दिइएको परम्परागत तथा पारिवारिक पहिचानमा आधारित नभई वर्तमानमा बाँचिरहेको जीवनशैलीमा आधारित हुनुपर्छ। मानवको जीवन आफूमा स्वतन्त्र भएकाले जातका आधारमा उसको स्तर अथवा अवस्था मूल्यांकन गरिनुहुँदैन। जात केवल नामजस्तै एउटा पहिचानको आधारमात्र बन्नुपर्छ। जसरी मानिसलाई नामका आधारमा भेदभाव नगरिने हुँदा उसले नामलाई लुकाउँदैन र नाम भन्न पनि हिच्किचाउँदैन- त्यसरी नै जात भन्नलाई कसैले हिच्किचाउनु नपरोस्। जातको आधारमा विभेद नभएमा यस्तो अवस्था स्वतस्फूर्त उच्चसहिष्णु समाज बन्ने लेखकको भनाइ छ।

लेखकको बुझाइमा जातीय अभ्यासका कारण विवाहमा सबैभन्दा बढी असर परेको हुन्छ। हरेकले परिवार र तत्काल परिवारको जीवनस्तर हेर्छन्, जीवनशैलीमा समानता खोज्छन्। शाकाहारीअभिभावकले आफ्नो छोराछोरीले मासु खाने परिवारमा विवाह गरेको मन पराउँदैनन्। मांसाहारी नै भए पनि कोहीकसैले आफ्नो समुदायको भावना र संस्कारअनुसार गाई, सुँगुर अथवा अन्य पशुको मांससेवन मन पराउँदैनन्। यसको निराकरण गर्न लेखकले जातीय व्यवस्थाको विशुद्ध नयाँ खालको पुनंसरचनाको खाका दिन खोजेका छन्।

लेखकबाट प्रस्तावित नयाँ जातीय अभ्यासको स्वरूप यस्तो हुनेछ।

| जातीय पहिचान | जीवनशैली |
|---|---|
| ब्राह्मण | मांसाहार, मद्यपान तथा धूमपान नगर्ने पूर्णतया सादजी जीवनयापन गर्ने |
| दलित | गाई तथा सुँगुरबाहेक अन्य घरपालुवा जनावारको मांसाहार गर्ने मद्यपान तथा धूमपान गर्ने। |
| दलितभित्र पनि तीनवटा श्रेणी रहने छन् | |
| प्रथम श्रेणी, उपल्लो अथवा बढा दलित ( क वर्ग) | मद्यपान तथा धूमपान गर्ने तर मांसाहार नगर्ने |
| दोश्रो श्रेणी साना अथवा तल्लो दलित (ख वर्ग) | मांसाहार गर्ने तर मद्यपान तथा धूमपान नगर्ने |
| तेश्रो श्रेणी (ग वर्ग) | मांसाहार गर्ने र मद्यपान तथा धूमपान समेत गर्ने। |
| महादलित | सुँगुरको मांसाहार गर्ने |
| शूद्र | गाईको मांसाहार गर्ने |

समाजमा एकरूपता र नयाँ प्रचलनअनुसारका व्यवस्था कायम गर्न लेखकले हरेक व्यक्तिको पहिचान र सफ्टवेयर युक्त ट्रयाकिङ प्रणालीबाट अनुगमन र सर्वेक्षण गरिने नयाँ प्रविधिको नमुना प्रस्तुत गरेका छन्। तसर्थ कसैले कसैलाई झुक्याउन र आफ्नो पहिचान लुकाउनुपर्दैन। मानिसलाई जात बोझको रूपमा नभई छनौटको रूपमा प्राप्त हुन्छ। हरेकले स्वेच्छाले आफ्नो जात स्वयंले निर्धारण गर्न सक्छन्। तसर्थ जातको आधारमा भेदभाव बाँकी रहँदैन। लेखक भन्छन्- पछिल्लो तीनदेखि चार हजारभन्दा बढी वर्ष हाम्रो समाजमा जाति, लिंग, धन, धर्म, जातीयता र भाषामा कुनै सामाजिक सुधार तथा तात्विक हिसाबको सकारात्मक परिवर्तन नभएकाले अब यस्तो एउटा नयाँ अभियानको सुरूवात गर्नुपर्छ। नगदविहीन समाज, दाइजोको उन्मूलन र सुनमा सम्पन्नता देख्ने आदतको अवसानलगायतका सुधार अनुसरण गरिने एक योजनाबद्ध कार्यकम सुनिश्चित गर्दा अर्को पाँच या छ हजार वर्षको लागि कुनै सुधार आवश्यक पर्दैन भन्ने उनको तर्क छ। उनले पुस्तकमार्फत यसैको खाका पस्किएका छन्।

यस्तो जातीय विभेदभन्दा अघि समाजमा रामराज्य थियो, सबै समान शक्तिशाली र सम्मानित थिए। पैसाको उद्भवले विभेद र कलियुगको सुरूवात भयो। लेखकले पैसाविहीन समाजको कल्पना गरेका कारण सामाजिक भेदभाव पनि अन्त्य हुने दावी उनको छ। जसरी कार्ल मार्क्सले 'कम्युनिस्ट मेनिफेस्टो' लेखेर वर्गविभेदको उपायको शंखघोष गरेका थिए- त्यसैगरी लेखक साहले 'कल्किस्ट मेनिफेस्टो'बाट जातीय अभ्यासका बेथितिविरुद्ध यसको समूल नष्ट गर्ने मार्गचित्र प्रस्तुत गरेका छन्।

लेखक भन्छन्- कल्किवादको उदयले पैसाविहीन समाज निर्माण गर्ने, मलेच्छलाई हटाउने र कलियुग अन्त्य गर्ने कुरामा ठोस पहल गर्नेछ। रामलाई रामसेना र कृष्णलाई नारायणीसेना आवश्यक भएजस्तै कल्किलाई पनि कलियुग अन्त्य गर्न कल्किसेनाको आवश्यकता पर्दछ भन्ने उनको तर्क छ। भारतले चारहजार वर्षपहिले जातप्रथाको प्रचलन ल्याएर समाजलाई द्वन्द्वमा धकेल्यो। के नेपालले यस्तो प्रथा हटाएर नयाँ समयसार्न्दभिक व्यवस्था ल्याएर विश्वगुरु बन्न सक्छ त ?यसको विस्तृत र सम्पूर्ण प्रस्तावित प्रणालीबारे बुझ्न् भने उनको आगामी पुस्तकलाई अध्ययन गर्नुपर्ने हुन्छ।

# माओवादीमा किन गठन भएन पोलिटब्युरो ?

काठमाडौं। नेकपा (माओवादी केन्द्र)ले अध्यक्षसहित २२ पदाधिकारी गठन गरिसकेको छ। यस्तै स्थायी समिति ४४ जना, केन्द्रीय समिति ३८६ जना र वैकल्पिक केन्द्रीय सदस्य २०२ जना राखेर सर्कुलर जारी गरिसक्यो। तर, पार्टीको महत्वपूर्ण निकाय पोलिटब्युरो भने अझै गठन भएको छैन।


गत असारमा बसेको केन्द्रीय समिति बैठकमा १२५ जना पोलिटब्युरो बनाउने प्रस्ताव गरिएको थियो। पोलिटब्युरो सदस्यमा को-कोलाई राख्ने भनेर नाम समेत प्रस्ताव गरियो। तर, पोलिटब्युरो सदस्यमा कतिपयले नाम छुटेको भन्दै आपत्ति जनाएपछि अर्को बैठक थप्ने भन्दै सकियो। तर, पछि बसेको पदाधिकारी बैठक, स्थायी समिति बैठकले पोलिटब्युरो गठन नगरी सर्कुलर जारी गऱ्यो। पार्टीको महाधिवेशन सकिएको १ वर्ष नाघ्दा समेत पोलिटब्युरो गठन हुन सकेको छैन ।

पार्टीमा पोलिटब्युरो किन गठन गरिएन भन्ने प्रश्नमा महासचिव देव गुरुङले समय र आवश्यकता अनुसार गठन गरिने बताए। 'यदि पोलिटब्युरो गठन भयो भने सबैलाई थाहा भइहाल्छ। विधानमा खारेज गरिएको छैन ।त्यसैले खारेज भन्न मिल्दैन' गुरुङले भने, 'अब आवश्यकता अनुसार गठन गर्छौं त्यसपछि सबैलाई जानकारी हुन्छ।'

तर, पार्टी सचिव गणेश शाहले पोलिटब्युरोमा बस्न चाहने नेताको सङ्ख्या धेरै भएपछि गठन गर्न नसकिएको बताए। अब बस्ने केन्द्रीय समिति बैठक सकिएपछि पोलिटब्युरो गठन हुन सक्ने शाहले दाबी गरे। 'पोलिटब्युरो सदस्यमा को कोलाई राख्ने भनेर गृह कार्य गरिएको थियो। पोलिटब्युरोमा बस्न चाहनेको सङ्ख्या धेरै भयो। फाइनल हुन सकेन' शाहले भने, 'तर, पोलिटब्युरो खारेज भएको छैन। गृह कार्य गरेर टुङ्गो लाग्छ। अबको ३ महिनाभित्र गठन हुन सक्छ।'

## साप्ताहिक राशीफल

भाष्कर ज्यो. श्री विकास प्रसाद दुलाल



**मेष** : (चू,चे,चो,ला,लि,लू,ले,लो,अ)

सूरुमा खर्च बढ्नाले अर्थ अभाव हुनेछ, यात्राको अवसर जुट्नेछ, केही व्यवहारिक चुनौतिको सामना गर्नुपर्नेछ, नयाँ काममा अवसर जुट्नेछ, भोजन प्राप्ति हुनेछ, बोलीको प्रभाव बढ्नेछ, मान सम्मानको पनि योग छ।

**बृष** : (ई,ऊ,ए,ओ,वा,वी,वू,वे,वो)

आम्दानी बढ्नेछ, प्रशस्त दाम पनि हात लाग्नेछ, मेहनतबाट सफलता हात पर्नेछ, शुक्रबारदेखि खर्च बढ्नेछ, खर्च अभावले समयमा काम पूरा नहुने देखिन्छ, साथीभाईको कारणले दुःख पाइनेछ, आइतबारदेखि विभिन्न अवसर जुट्नेछ, प्रेम र मित्रताको बन्धन कसिने देखिन्छ।

**मिथुन** : (का,की,कू,घ,ङ,छ,के,को,हा)

चिताएको काम सजिलै बन्नेछ, अरुको विश्वास जित्न सकिनेछ, विशिष्ट व्यक्तिबाट सम्मान पाइएला, नाम र दाम हात पार्ने समय छ, दिगो आम्दानीको श्रोत खुल्नेछ, आम्दानी बढ्नेछ, शुक्रबारदेखि खर्च बढ्नेछ, घर परिवारबाट टाढिन सक्नेछ, तर सानो दुरीको यात्रा गर्ने अवसर जुट्नेछ।

**कर्कट** : (ही,हू,हे,हो,डा,डी,डु,डे,डो)

सुरुमा सुख, दुःखको सामना गर्नुपर्नेछ, लगनशिलताले दाम, इनाम बढ्नेछ, आध्यात्मिक ज्ञानले मानसिक सुख प्राप्त हुनेछ, धर्म संस्कृति जगेर्नामा रुचि बढ्नेछ, तारिफयोग्य कामले सफलता मिल्नेछ र नोकरी प्राप्त हुन सक्ने देखिन्छ।

**सिंह** : (मा,मी,मू,मे,मो,टा,टी,टू,टे)

प्रारम्भमा केही चुनौति आइपर्ला। कमजोरीको फाइदा उठाउने चेष्ठा गर्नेछन्। काममा तरलता आउनेछ, जिम्मेवारी बढ्नेछन् र अरुको लागि समय खर्च होला, शुक्रबारदेखि काममा सुधार आउनेछ, विशिष्ट व्यक्तिको संगतले फाइदा दिने छ, पुराना कामको पनि चर्चा हुने देखिन्छ।

**कन्या** : (टो,पा,पी,पु,ष,ण,ठ,पे,पो)

साताको प्रारम्भका खुशी बढ्नेछ, यात्राको साइत जुर्नेछ, व्यापारमा विशेष फाइदा हुनेछ, काममा जोश जाँगर बढ्नेछ, खानपिनमा सजग रहनुहोला, आँट कमजोर हुनेछ अर्थ अभावले, स्वास्थ्यमा गडबढी हुनेछ, पहिलेको कमजोरीबाट फाइदा उठाउन सक्ने समय छ, संचित रकम पनि खर्चनु पर्ने देखिन्छ।

**तुला** : (रा,री,रु,रे,रो,ता,ती,तू,ते)

मेहनतबाट प्रतिद्वन्द्वी पछि पर्नेछन्, नयाँ अवसर प्राप्त हुनेछ, काम बन्नाले आम्दानी बढ्नेछ, सानो प्रयासले ठूलो फाइदा मिल्नेछ, लामो दुरीको यात्राको अवसर जुट्नेछ, भौतिक साधन जुट्नेछ, अवसरको लागि केही चुनौति सामना गर्नुपर्नेछ, स्वास्थ्यमा भने गडबढी देखिन्छ।

**बृश्चिक** : (तो,ना,नी,नू,ने,नो,या,यी,यू)

सुरुमा अवरोध गरे पनि प्रयत्न गर्दा कार्य सफल हुनेछ, अध्ययनमा सामान्य प्रगति हुनेछ, नयाँ कामको अवसर जुट्नेछ। मन मिल्ने साथी भेट्नुका साथै प्रेम बन्धन कसिलो हुनेछ।

**धनु** : (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे)

प्रारम्भमा घरेलु समस्याले सताउने, शुभ चिन्तकको सुझावलाई वास्ता नगर्दा अलि दुःख पाइनेछ, वृद्धिको उपयोगले काम लिने प्रयास गर्नुपर्नेछ, शुक्रबारदेखि स्थिति अनुकुल हुनेछ, हिम्मतले काम बन्नेछ, आम्दानीको श्रोत बढ्नेछ। काममा अवरोध गर्ने पनि पराजित हुनेछन्, काममा अलि गोप्य राख्दा राम्रो।

**मकर** : (भो,जा,जी,जू,जे,जो,ख,खी,खू,खे,खो,गा,गी)

प्रयास गर्दा ठूलो उपलब्धि हात लाग्नेछ, नयाँ कर्ममा मन उत्साह हुनेछ, शुभचिन्तकले साथ दिने छन्, शुक्र र शनिबार घरायसी समस्या बढ्नेछ, सोचेको काममा अलि वाधा हुनेछ, सामाजिक कार्यले मन उत्साह हुनेछ, अध्ययनमा प्रगति हुने देखिन्छ।

**कुम्भ** : (गू,गे,गो,सा,सी,सू,से,सो,दा)

बोलीको प्रभावले फाइदा हुनेछ, अध्ययनमा राम्रो छ, दिगो फाइदा हुने काम सुरु हुनेछ, लक्ष्य प्राप्ति गर्न सकिनेछ, साइनो गाँस्नेहरुले दुःख दिनेछन्। घरमा बसेर काम सम्पादन गर्न सकिनेछ। कामको फाइदाको लागि गोप्य राख्नु होला।

**मीन** : (दी,दू,थ,झ,ञ,दे,दो,चा,ची)

काममा सफलता हुनेछ, लगनशिलताले ठूलो काम गर्ने मौका मिल्नेछ, काममा सहयोग गर्ने प्रशस्तै भेटिनेछ, रमाइलो जमघट हुनेछ, भोजभत्तेरमा सामेल हुनुपर्ने देखिन्छ। मान सम्मान मिल्नेछ, अध्ययनमा सफलता हुनेछ। मनपर्ने बस्तु उपहार प्राप्त हुने देखिन्छ।

## अत्यावश्यक टेलिफोन

### प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |

### अस्पताल

| | |
|---|---|
| वीर अस्पताल | ४२२१११९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| टेकु अस्पताल | ४२५३३९६ |
| मेरो डेन्टल हस्पिटल, गोंगबु | ४३८२२४५ |
| काठमाडौं मेडिकल कलेज, सिनामंगल | २४३६१५२ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नर्भिक हस्पिटल, थापाथली | ४२५८५५४ |
| सुमेरु अस्पताल, धापाखेल | ५२७५३७७/५२७५०८८/५२७५०९९ |
| सुमेरु सिटी अस्पताल | ५४००००० /५४११११११, ५४४४४४४ |
| होम तथा प्रसूतीगृह प्रालि, सामाखुसी | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिंच्युट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| नेपाल मेडिसिटी हस्पिटल, नख्खु, भैंसेपाटी | ४२१७७६६ |
| भरोसा अस्पताल प्रालि, बानेश्वर | २४३४९६८/४४८९८९१ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५ /६ |
| बी.एन्ड.बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल, तीनकुने | ४१११९५७/८५८ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००/५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६/४४१९६७२ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | २४३३५१८/२४३०६१५ |
| ॐ हस्पिटल एन्ड रिसर्च सेन्टर | २४३६२२५ |
| मनोरोग उपचार तथा पुनर्स्थापना केन्द्र, जोरपाटी | ४९१२०४८ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल, भक्तपुर | ६६३१६५८ |
| विनायक अस्पताल तथा प्रसूतीगृह | ४३८३१५२/४३८०८४८ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| सहिद मेमोरियल अस्पताल | ४६७२९३४/६२०८७२ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०९४/४२७०९२३ |
| ओम समाज अस्पताल, कलंकी | ४३१३५९२ |
| ओम समाज डेन्टल अस्पताल, चाबहिल | ४४७३४४४/४४८०८८० |
| स्टार अस्पताल, सानेपा | ५५५०१९७/५५५०१९८ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल प्रालि | ४२४४०२२ |
| एभरेस्ट हस्पिटल,नयाँबानेश्वर | ४७८१२९४/४७८३०२४ |
| काठमाडौं नाक,कान, घाँटी अस्पताल | ४२४५५५४/४२२६७३० |
| शुभेच्छा इन्टरनेसनल हस्पिटल | ४२८९५३४/४२८९३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१०/४३८५९११ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| अल्का हस्पिटल | ५४५१५५५/५४५५५५५ |
| मानसिक अस्पताल | ४४८०१७०/५५२१३३३ |
| बयोधा अस्पताल | ४२८६४२८/४२८१६६६ |
| वेलकेयर हस्पिटल, रातोपुल | ४४२६१३५/४४२६१८४ |
| स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौं अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्रीबाल अस्पताल | ४४१११३४/४४१५४६१ |
| बीपी स्मृति अस्पताल, बसुन्धारा | ४३८७०९४/४३८७०९६ |
| भेनस हस्पिटल, बानेश्वर | ४४९०३३३ |
| आयुर्वेद अस्पताल, नरदेवी | ४२५६८८३/४२५९१८२ |

### एम्बुलेन्स/शववाहन

| | |
|---|---|
| मेडिक्रेयर नेसनल अस्पताल ( एम्बुलेन्स) | ४४६७०६७ |
| श्री सत्यसाई निःशुल्क एम्बुलेन्स/शववहान | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०/९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |

### अन्य

| | |
|---|---|
| दमकल | १०१ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| बालबालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |

# जसले प्रेमलाई पूर्णता दिए

मंगलबार १४ फेब्रुअरी, प्रणय दिवस अर्थात् भ्यालेन्टाइन्स-डे । संसार भरिका प्रेमिल जोडीले उत्सवको रुपमा मनाए ।

नेपाली कलाकारिता क्षेत्रमा पनि थुप्रै प्रेमिल जोडी छन्, जसले प्रेम र विवाहका लागि एउटै फिल्डका सहकर्मी रोजेका छन् ।

अभिनेता निखिल उप्रेती र अभिनेत्री सञ्चिता लुइँटेलले प्रेम विवाह गरेका हुन् । चलचित्र 'माया त माया हो'मा सँगै काम गर्दा सुरु भएको यो जोडीले केही समयपछि भागेर विवाह गरेका थिए । त्यसो त दुबैको प्रेम विवाह दोस्रो विवाह थियो ।

निखिलले सञ्चिता भन्दा पहिले कोपिलासँग विवाह गरेका थिए भने सञ्चिताको पनि आकाश शाहसँग विवाह भएको थियो । निखिल र सञ्चिताको अहिले एक छोरा र एक छोरी छन् ।

यस्तै, फिल्म क्षेत्रका प्रेमी जोडीको नाम लिनुपर्दा अभिनेत्री प्रियंका कार्की र अभिनेता आयुष्मान देशराज जोशीको नाम छुटाउन मिल्दैन ।

अभिनयको सिलसिलामा प्रेममा परेको यो जोडीले पनि प्रेम विवाह गरेका थिए । केही फिल्ममा समेत जोडीकै रुपमा अभिनय गरेका उनीहरुको अहिले एउटी छोरी आयंका छिन् ।

पछिल्लो समय उनीहरु युट्युवमा सक्रिय छन् । दुबैको अभिनय रहेको पछिल्लो फिल्म 'चि मुसी चि' केही अगाडि प्रदर्शनमा आएको थियो । फिल्मले ब्यवसायिक सफलता भने हात पार्न सकेन ।

उता, अभिनेत्री मेलिना मानन्धर र अभिनेता मुकेश ढकालले पनि प्रेम विवाह गरेका हुन् । नेवार समुदायकी मेलिना र बाहुन समुदायका मुकेशबीच अभिनय सिलासिलामा प्रेम बसेको थियो । एक दशक बढी समयको प्रेम उनीहरुले विवाहमा परिणत गरेका थिए । उनीहरुको अहिले एक सन्तान छ ।

यसैगरी, अभिनेत्री वर्षा राउत र अभिनेता संजोग कोइरालाले लामो समय प्रेममा रहेर विवाह गरेका हुन् । प्रेमका कारण सधैँ चर्चामा रहने यो जोडीले एकसाथ फिल्ममा समेत अभिनय गरेका छन् ।

पछिल्लो समय यो जोडीबीच ब्रेकअप हुन लागेको गसिप खुबै आउने गरेको छ । उनीहरुले भने यसलाई फगत हल्ला बताउँदै आएका छन् ।

यस्तै, अभिनेत्री नीता ढुंगाना र अभिनेता एवं ज्योतिष हरिहर अधिकारीले केही अगाडि मात्र प्रेम विवाह गरेका छन् । केही वर्षको डेटपछि प्रेमलाई विवाहमा परिणत गरेका उनीहरु अहिले



मिलेर फिल्म निर्माण गरिरहेका छन् ।

नीता यसअघि आमेश भण्डारीसँग प्रेममा थिइन् । आमेशसँग छुट्टिएपछि उनी हरिहरसँग नजिकिएकी हुन् ।

यसैगरी, निर्देशक दिवाकर भट्टराई र अभिनेत्री दीपिका प्रसाईको 'ऐश्वर्या' फिल्मको छायांकन सेटमा प्रेम टुसाएको थियो ।

केही वर्षको प्रेमपछि विवाहमा परिणत गरेका दुबैको सन्तान भने भएको छैन । पछिल्लो समय फिल्मी गतिविधि भन्दा पनि यो जोडी घुमघाम गरेर वैवाहिक जीवन इन्जोय गरिरहेका छन् ।

उता, अभिनेत्री लक्ष्मी बर्देवा र अभिनेता जीवन भट्टराई पनि कलाक्षेत्रका सफल प्रेमी जोडीको रुपमा चिनिन्छन् । केही समयको प्रेमपछि विवाह गरेका यो जोडी फिल्म, म्युजिक भिडियो, नाटक लगायत अभिनयमा सक्रिय छ । एक नाटक अभिनयको सिलसिलामा उनीहरुबीच प्रेम टुसाएको थियो ।

यस्तै, निर्देशक सुदर्शन थापा र अभिनेत्री सुप्रिया कटुवालले पनि एक वर्षको प्रेम विवाहमा परिणत गरेका थिए । प्रेमको खबर सार्वजनिक भएको केही समयमै यी दुईले विवाह गरे । यी दुबै छिट्टै आमाबुवा बन्दैछन् ।

सुदर्शन नेपाली फिल्मका सफल निर्देशक हुन् भने सुप्रियाको मोडल, अभिनेत्री र समाचार वाचकको परिचय छ ।

उता, अभिनेता सीताराम कट्टेल र अभिनेत्री कुञ्जना घिमिरे एक समय कलाक्षेत्रका चर्चित जोडी थिए । टेलिसिरियल 'मेरी बास्सै' बाट अभिनयमा देखिएका यो जोडीले फिचर फिल्ममा समेत अभिनय गरिसकेका छन् ।

यी दुबैको प्रेम 'मेरी बास्सै' सिरियलमा अभिनयको सिलसिलामा बसेको थियो । २०६५ सालमा बिहे गरेका यो जोडी पछिल्लो समय समाजसेवामा सक्रिय छ । यी दुबैको अहिले एक छोरी छिन् ।

यसैरी, अभिनेता अनुप बराल र अभिनेत्री दीया मास्केले पनि प्रेम विवाह गरेका हुन् । एकै क्षेत्रमा कार्यरत यो जोडीले फिल्म तथा नाटकसमेत सँगसँगै अभिनय गरेका छन् । दीया अनुपकी विद्यार्थी समेत हुन् । कलाकारिताको सिलसिलामा दुबैको एक अर्कोसँग प्रेम बसेको थियो ।

त्यसैगरी, प्रेम जोडीको नाम लिदा अभिनेता कृष्ण मल्ल र अभिनेत्री शर्मिला मल्लको नाम छुटाउन मिल्दैन । शर्मिला र कृष्णले २०४१ सालमा प्रेम विवाह गरेका थिए ।

नाटक र अभिनयको सिलसिलामा एक-अर्कासँग नजिकिएका उनीहरु बीचको प्रेम स्टेजमै मौलाएको थियो । स्टेजमा दुबैको भूमिका रहेको नाटक जति जति प्रदर्शन हुँदै गए, प्रेम पनि झाँगिदै गयो ।

फिल्म 'कान्छी'मा अभिनयपछि भने दुबैले विवाह गरे । संयोग पनि कस्तो रह्यो भने 'भ्यालेन्टाइन्स सप्ताह' भित्र अर्थात् १३ फेब्रुअरीमा उनीहरुको विवाह भएको थियो । 'अरुका लागि भ्यालेन्टाइन्स दिवस फेब्रुअरी १४ मा होला । हामीले भने सधैँ १३ फेब्रुअरीमै प्रणय दिवस मनाउने गरेका छौं,' दुबैले भन्ने शब्द हुन् यी ।

उता, अभिनेत्री सरिता लामिछाने र निर्देशक ऋषि लामिछानेले पनि प्रेम विवाह गरेका हुन् । अध्ययन र कलाकारिताको सिलसिलामा नजिकिएका उनीहरुले परिवारिक असहजताका कारण भागेर विवाह गरेका थिए ।

विवाहपछि पनि दुबै अभिनयमा सक्रिय छन् । ऋषि फिल्म तथा सिरियल निर्देशनमा छन् भने सरिता फिल्म तथा सिरियल अभिनय गर्दै आएकी छन् । दुबैको एक छोरी छिन् ।

# गोँगबुको लुटपाटमा दोषीलाई कडा कारबाही गर्न सांसदद्वारा माग



काठमाडौं । प्रतिनिधिसभाको बैठकमा सांसदरुले फागुन १ गते काठमाडौँको बालाजुमा भएको चोरी र लुटपाटको घटनाको यथार्थ छानबिन गरी दोषीलाई कडा कारबाही गर्न सरकारसँग माग गरेका छन् ।

प्रतिनिधिसभा बैठकको शून्य समयमा बोल्दै उनीहरुले चुस्त सुरक्षाको व्यवस्था गर्न समेत सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराएका छन् । बैठकमा सांसद सूर्य थापाले बालाजुमा भएको घटनाको यथार्थ विवरण संसद्लाई जानकारी गराउन सरकारको ध्यानाकर्षण गराए । उनले काठमाडौँको मुटुमा भएको उक्त घटनाका बारेमा सरकार मौन बस्न नमिल्ने बताए ।

सांसद विराजभक्त श्रेष्ठले काठमाडौँको गोँगबु बसपार्कमा भएको अमानवीय लुटपाटको घटनाका दोषीलाई कडा कारबाही गर्दै पीडितलाई क्षतिपूर्ति दिन आग्रह गरे । सांसद शिशिर खनालले मजदुर आन्दोलनको नाममा गोँगबु बसपार्कमा भएको लुटपाटमा संलग्न व्यक्तिहरुलाई कडा कारबाही गर्न सरकारको ध्यानाकर्षण गराए ।

सांसद शङ्कर भण्डारीले गत फागुन १ गते गोँगबु बासपार्कमा व्यवसायीका सामान लुटपाटमा संलग्नलाई पक्राउ गरी दोषीलाई काम कारबाही गरेर पीडितलाई क्षतिपूर्ति दिन माग गरे । सांसद ज्ञानबहादुर शाहीले काठमाडौँको गोँगबुको घटनाका बारेमा अवगत गराउँदै तत्काल चुस्त सुरक्षाको वयवस्था प्रत्याभूत गर्न सरकारको ध्यानाकर्षण गराए ।

सांसद ज्ञानु बस्नेत सुवेदीले किसानले आफ्नो उत्पादनको उचित मूल्य नपाएकोप्रति आवश्यक व्यवस्था गर्न माग गरिन् । सांसद बनिताकुमारी सिंहले मधेसवासीको सुविधाका लागि निर्माण गरिएको हुलाकी राजमार्ग निर्माणमा ढिलाइ भएकोप्रति सरकारको ध्यानाकर्षण गराइन् । सांसद विश्वप्रकाश शर्माले दैनिक आत्महत्या गर्ने क्रम वृद्धि हुँदै गएको र मानसिक समस्या र झन्झटिलो प्रशासनिक सेवालाई नियन्त्रण गर्नुपर्ने माग गरे ।

सांसद शक्तिबहादुर बस्नेतले संविधानले आधारभूत स्वास्थ्य सेवा निःशुल्क हुने भनिएता पनि निःशुल्न पाइने भनिएका औषधि सरकारी अस्पतालबाट नपाएको हुनाले तत्काल व्यवस्था गर्न माग गरे । सांसद शोभा ज्ञवालीले बर्दियामा बनेको पुल केही समयमै बिग्रिएको जानकारी गराउँदै तत्काल निर्माणका लागि सरकारको ध्यानाकर्षण गराइन् ।

सांसद सरस्वती सुब्बाले काठमाडौँ सुकुम्वासीलाई हटाउनुअघि उनीहरुको आवासको हकको सुनिश्चित गर्न माग गरिन् । सांसद सरिता प्रर्साईले किसानले अतिआवश्यक पर्ने मल र बीउ समयमा नपाएको अवस्था भएको हुनाले किसानको समस्याप्रति ध्यान दिन सरकारको ध्यानाकर्षण गराइन् ।

सांसद सरिता भुसालले नवलपरासीका उखु किसानले लामो समयदेखि रकम भुक्तानी नभएको जानकारी गराउँदै उक्त किसानको भुक्तानी तत्काल दिन माग गरिन् । सांसद शान्ति चौधरीले बर्दिया, कैलाली, कञ्चनपुरमा सोनाहा जातिलाई आदिवासी र अल्पसंख्यक जातिमा सूचीकृत गर्न माग गरिन् ।

सांसद सुमना श्रेष्ठले जनगणना भएको महिनौँ बितिसक्दा पनि त्यसको पूर्ण प्रतिवेदन सार्वजनिक नभएको हुँदा सरकारी नीति निर्माणमा कठिनाइ भएको भन्दै तत्काल सार्वजनिक गर्न माग गरिन् । सांसद सुरेन्द्रराज आचार्यले कपिलवस्तुमा छाडा गाईगोरुका कारण कृषक मारका परेको भन्दै सम्बन्धित निकायको ध्यानाकर्षण गराए । सांसद सोविता गौतमले सुलभ कर्जा नपाउँदा धेरै मानिसहरुले समस्या परेको हुनाले सरकारले त्यसतर्फ ध्यान दिनुपर्नेमा जोड दिइन् ।

सांसद हितराज पाण्डेले शान्ति प्रक्रियाका बाँकी रहेका काम अविलम्ब सम्पन्न गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए । सांसद हेमराज राईले जनताले समृद्धिका मताधिकारअनुसार काम गर्न आग्रह गरे । यसैगरी सांसद ज्ञानेन्द्रबहादुर कार्कीले सुनसरीको बराह मन्दिरमा नदी कटानले सङ्कटग्रस्त हुँदै गएको जनाउँदै यसको संरक्षणको माग गरे । सांसद सन्तोष चालिसेले शिवपुरी आरक्ष क्षेत्रमा रहेको चेकपोष्टका कारण स्थानीयले गाउँबस्ती जान पनि शुल्क तिर्नुपर्ने अवस्था रहेको जनाउँदै 'चेकपोष्ट' तत्काल हटाउन माग गरे ।









## रामचन्द्र ...

जानकारी दिएको छ । उनले नामै किटेर रामचन्द्र पौडेललाई समर्थन गर्न सकिने विषय राखेको बुझिएको छ । वामदेवले पनि ओलीको शक्ति बढ्दा विगतमा समस्या भोग्नु परेको विषय राख्दै राष्ट्रिय सहमतिमा जानुपर्ने सुझाव दिएको बुझिएको छ । पौडेलको नाममा गौतम पनि सकारात्मक रहेको स्रोतले बतायो ।

## सरकार, ...

अभिव्यक्ति नदिन चेतावनी दिइरहेका छन् । अर्कोतर्फ उनीहरुको गतिविधि राजसंस्थाको पक्षमा खुलेआम देखिइरहेको छ । ठिक यही बेलामा पूर्वको झापाबाट पूर्वराजाको सक्रियतालाई संयोग मान्न सकिँदैन । देशमा राजनीतिक परिवर्तन भए पनि प्रवृत्ति परिवर्तन नहुँदा जनतामा राजनीतिक प्रणालीप्रति वितृष्णा बढ्दै गएको छर्लङ्ग छ ।

राजा फालेर नयाँ राजा बन्न खोज्नेहरुको गतिविधिबाट जनता वाक्क भइसकेका छन् । राष्ट्रपतिको सवारीले जनताले पाएको कष्टका कारण आक्रोश सामाजिक सञ्जालमा छरपष्ट नै भए । यही असन्तुष्टिका बीच राजावादीहरुको सक्रियतालाई धमिलो पानीमा माछा मार्न खोजिएको समेत भनिएको छ । लोकतन्त्रमा जनताले चाहेकै प्रणाली स्थापित हुने हो । २१औं शताब्दीका जनताले चाहेमा व्यवस्थाहरु परिवर्तन हुन्छन् भन्ने विगतका घटनाबाट देखिइसकेको छ । शासकहरु जनताप्रति उत्तरदायी र जिम्मेवार नभएमा जनताले परिवर्तन गराइ हाल्छन् । त्यो ढिलो या चाँडो मात्र हो । पूर्वराजाको सक्रियतालाई हल्का रुपमा लिने गल्ती गरेर आफूलाई नसच्याए नेताहरुले भन्ने गरेको परिवर्तनविरुद्ध अर्को परिवर्तन हुन बेर लाग्दैन । पूर्वराजाका समर्थकहरु सरकार, संसद र सडक जताततै देखिइसकेका छन् । उनीहरु चारैतिरबाट घेर्ने शैलीमा राजसंस्था फर्काउने गरी बढिसकेका छन् । यसले भविष्यमा राजसंस्थावादी र गणतन्त्रवादीबीच कडा टक्कर पर्ने सम्भावना देखिएको छ ।

## प्रचण्डले ...

प्रस्तावलाई अनुमोदन गराइसके । यसलाई माओवादीलाई विस्तार गर्ने रणनीतिक कदमका रुपमा हेरिएको छ ।

प्रचण्डले चुनाव अघि नै वामपन्थीर समाजवादीहरु बीच एकताको चर्चा चलाएका थिए । त्यो त्यतिबेला रोकिए पनि उनले चुनावी गठबन्धन गरेर बढे । कम्युनिस्ट सिद्धान्त त्यागेका डा. बाबुराम भट्टराई पनि सामेल भए गठबन्धनमा । अब वामपन्थी र गैरवामपन्थीका लागि मान्य हुने गरी दलको नाम राखेर प्रचण्डले आफूलाई शक्तिको केन्द्रमा राख्न खोजेका छन् । समाजवादी नाम सबैलाई मान्य हुनसक्ने भएकाले त्यसबारे बहस चलिरहेको छ । तर, त्यो कति सम्भव छ प्रतिक्षाकै विषय छ । प्रचण्डले माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी, उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टीदेखि विप्लव समूहलाई पनि समेटेर शक्ति सञ्चय गर्ने प्रयास गरिरहेका छन् । त्यसतर्फ केन्द्रित भई भेटवार्ता पनि केन्द्रित गरेका छन् । उनले पाका कम्युनिस्ट नेता वामदेव गौतमदेखि उग्र मानिने कम्युनिस्ट नेता विप्लवलाई समेत बोलाएर कुराकानी गरिसकेका छन् । पूर्व माओवादीलाई एकजुट बनाएर वामपन्थीलाई समेत समेट्ने गरी अगाडि बढ्न खोज्दैछन् । पुरानै नाम र उद्देश्य बोकेर बढ्दा मध्यम वर्गको साथ नमिलेको समिक्षा माओवादी भित्र भइरहेको थियो । यसलाई दृष्टिगत गरी माओवादीले नाम र पार्टीको सिद्धान्तमै हेरफेरको तयारी गरिरहेको छ । त्यसरी नाम फेर्दा कम्युनिस्ट शब्द रहने कि नरहने, सिद्धान्तमा कम्युनिज्म रहने कि नरहने चासोको विषय बनेको छ । बाबुराम भट्टराईदेखि उपेन्द्र यादवलाई समेत समेटेर पार्टी गठन गर्न खोजेका प्रचण्डले कम्युनिस्ट नाम नै राखेर उहाँहरुलाई समेट्न सक्ने सम्भावना कम भएकाले पनि त्यस्तो चासो बढेको हो । त्यसमाथि प्रचण्ड कुनैपनि बेला यु टर्न भइदिने चरित्रका छन् । उनले भविष्यमा कम्युनिष्ट नाम नै त्यागेमा आश्चर्य नमाने हुन्छ ।

## सरकारभित्रै ...

थिए । मधेशको मुद्दाबाट आएका सीके राउत र थारुको मुद्दामा बढेको नागरिक उन्मुक्तिबारे जानकार नै थिए । तर, अचानक प्रचण्डको यी दलहरुप्रतिको परिवर्तित व्यवहारले उनी वैकल्पिक बाटोतर्फ जानसक्ने गरी मार्ग प्रशस्त गर्न खोजिरहेको संकेत मिल्छ ।

गठबन्धनको सबैभन्दा ठूलो दल नेकपा एमालेमाथि उनले राष्ट्रिय सहमति नामको राजनीतिक अस्त्र फालेका छन् । सुदूरपश्चिम प्रदेश सरकार ढलेपछि नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल हौसिइसके । उनले चाँडै आफ्नो शक्ति र भूमिका देखिनेसम्म भने । प्रचण्डले गठबन्धनका दलहरुप्रति जुन व्यवहार देखाइरहेका छन् यसले नयाँ राजनीतिक सम्भावनाको संकेत गरिसकेको छ । गठबन्धनका साना दलहरु प्रचण्ड कुनै पनि बेला पुरानो गठबन्धनतर्फ लस्कने सम्भावनालाई दृष्टिगत गरी प्रतिपक्षीको अभ्यास गर्न थालिसकेका छन् । यसले राष्ट्रपतिको चुनाव अघि वा पछि सत्ता राजनीतिमा नयाँ घटना विकास हुने देखिँदैछ ।

## रविको ...

गरेको थियो ।

त्यसपछि उनले प्रहरीले जाहेरी दर्ता गर्न नमानेको भन्दै जिल्ला सरकारी वकिल कार्यालयमा निवेदन दिएका थिए । सरकारी वकिल कार्यालयले जिल्ला प्रहरी परिसर काठमाडौंमा छानबिन चलिरहेको सूचना आएको भन्दै जाहेरीमा केही गर्नुनपर्ने भन्दै थन्क्याउने निर्णय गरेको हो ।

'यही विषयमा जिल्ला प्रहरी परिसर, काठमाडौंमा परेको जाहेरीमाथि अनुसन्धान सुरु भएको रहेछ, त्यहाँ छानबिन चलिसकेपछि यहाँ आएको उजुरीमाथि थप केही गर्नुपर्ने देखिएन' जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंका प्रमुख अच्यूतमणि न्यौपानेले भने, 'त्यसैले थप केही गर्नुपरेन भनी निर्णय गरेर यो उजुरी थन्क्याउने निर्णय गरेका छौं ।'

सरकारी वकिल कार्यालयले यसअघि लामिछानेको राहदानीको विषयमा जिल्ला प्रशासन कार्यालय काठमाडौं, राहदानी विभाग र अध्यागमन विभागबाट विवरण माग गरेको थियो । जिल्ला प्रशासन कार्यालय बाहेक अरु निकायबाट जवाफ नआएको सरकारी वकिल कार्यालयले जनाएको छ । जिल्ला प्रशासन कार्यालयले भने रविले नागरिकताको अभिलेख भेटिएको जवाफ लेखेको एक सरकारी वकिलले बताए ।

रविको राहदानीको विषयमा केही महिनाअघि गृह मन्त्रालयमा परेको उजुरी जिल्ला प्रशासन कार्यालय हुँदै जिल्ला प्रहरी परिसर काठमाडौंमा पुगेको थियो । जिल्ला प्रहरी परिसरले यसमाथि छानबिनको क्रममा अध्यागमन विभाग, राहदानी विभाग लगायतका निकायबाट विवरण मगाएको भेटिएको पनि सरकारी वकिल कार्यालयले जनाएको छ ।

अब प्रहरीले अनुसन्धान सकेर प्रतिवेदन पेश गरेपछि मात्रै सरकारी वकिल कार्यालयले त्यसको अध्ययन गरी थप निर्णय लिनेछ ।

## सुन तस्करको ...

सुन तस्करी भएको बाह्रबिसेमा पठाएको थियो । तर, बागमती प्रदेश प्रहरीले पनि खासै सुन तस्करीहरुलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याउनुका सट्टा चासो नदेखाउनुले कतै तस्करीकै संरक्षण त गरिरहेको छैन भन्ने सिन्धुपाल्चोकका स्थानीयले शंका गरेको पाइएको छ ।

६५ किलो सुन तस्करीमा संलग्न भएका सुन तस्करहरु अहिले काठमाडौंको बौद्ध क्षेत्रको नयाँ बस्ती, माकलबारी र जोरपाटी क्षेत्रमा लुक्दैछिप्दै बसेको स्रोतले दाबी गरेको छ । तर, त्यतातर्फ खासै प्रहरीले नजर नलगाएको पनि स्रोत बताउँछ ।

**यसरी हुनसक्थ्यो अनुसन्धान**

नेपालको उत्तरी नाका रसुवाबाट ६५ किलो सुन छिमेकी मुलुक भारत लाने उद्देश्यले क्यारिङ्ग सिस्टमबाट भरिया लगाई ल्याउने क्रममा ६५ किलो सुनमध्ये सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका वडा नं. ५ को वाङगेल तामाङको घरमा भरियाले ४ किलो सुन छाडेका थिए ।

चार किलो सुन भरियाले वाङगेल तामाङको घरमा छाडेको थाहा पाएपछि सुन तस्करहरु पेम्बा शेर्पा, मिङ्मा शेर्पा (धाप्से), फुडिमा शेर्पा, सुब्बा लामा, लाक्पा शेर्पालगायतको टोली वाङगेलको घरमा पुगी वाङ्गेललाई 'गन' तेर्स्याई ४ किलो सुन लान सफल भएका थिए ।

यसरी 'गन' तेर्स्याई सुन लगेपछि वाङगेलले तत्काल इलाका प्रहरी कार्यालय बाह्रबिसेमा गई आफूलाई 'गन' तेर्स्याई चार किलो सुन लगेको भनी उजुरी हाल्न पुगे । त्यसपछि प्रहरी तत्काल घटनास्थलमा पुगे पनि सुन तस्करहरु त्यहाँबाट फरार भइसकेका थिए ।

प्रहरीले सुन तस्कर फरार भएपछि उजुरी हाल्ने वाङ्देललाई नियन्त्रणमा लिई सुन तस्करीको बारेमा अनुसन्धान गर्ने क्रममा वाङदेलले पेम्बा शेर्पा, मिङ्मा शेर्पा (धाप्से), फुडिमा शेर्पा, सुब्बा लामा, लाक्पा शेर्पालगायतको नाम प्रहरी समक्ष पोलेको इलाका प्रहरी कार्यालय बाह्रबिसेले बताएको थियो ।

६५ किलो सुन तस्करीमा संलग्न भरियाहरुमध्ये एक भरियाले ४ किलो सुन वाङगेल तामाङकै घरमा किन छाडेर गए ? वाङदेल र भरियाबीच के थियो सम्बन्ध ? भरियाले वाङदेललाई किन विश्वास गरे ? भरियाले छाडेर गएको ४ किलो सुन तस्कर भनिएकाहरु पेम्बा शेर्पा, मिङ्मा शेर्पा (धाप्से), फुडिमा शेर्पा, सुब्बा लामा, लाक्पा शेर्पाले वाङदेलकै घरमा सो सुन राखिएको कसरी थाहा पाए ? वाङदेल, भरिया सुन तस्करी भनिएकाहरुबीच के थियो सम्बन्ध ? चार किलो सुन आफूलाई गन तेर्स्याएर लगेको घटना किन प्रहरीसमक्ष उजुरी हाल्न पुगे वाङदेल तामाङ ? यस विषयमा प्रहरीले गहिरो अनुसन्धान गऱ्यो त ?

वाङदेलले ४ किलो सुन लुटेको उजुरी इलाका प्रहरी कार्यालय बाह्रबिसेमा हाले लगत्तै प्रहरी घटनास्थलमा पुगे पनि लुटेराहरुलाई पक्राउ गर्न सकेन । तर, उजुरी हाल्ने वाङदेललाई भने प्रहरीले अनुसन्धानका लागि भन्दै चार दिन नियन्त्रणमा राखेको स्वयम् बाह्रबिसे प्रहरीले जानकारी गराएको थियो ।

यसरी, वाङदेललाई चार दिन नियन्त्रणमा बाह्रबिसे प्रहरीले राख्दा कसको अनुमति लिएको थियो ? प्रहरीले २४ घन्टासम्म मात्र नियन्त्रणमा राख्न मिल्ने कानुनी प्रावधान भए पनि ४ दिनसम्म राख्दा न जिल्ला प्रशासन कार्यालको अनुमति लिएको पाइयो, न सम्माननीय जिल्ला अदालत सिन्धुपाल्चोकको अनुमति लिएको पाइयो ? यो विषयले नै पुष्टी गर्छ, सुन काण्ड प्रहरीकै मिलोमत्तोमा भएको र ६५ किलो सुन काहाँ हरायो भन्ने प्रश्न उब्जिनु स्वभाविक हो । यसतर्फ सक्षम, निडर, स्वच्छ छवि भएको परिचय दिइसकेका आईजीपी धिरजप्रताप सिंहलाई गलत सूचना दिई यो काण्डलाई झिसमिस पार्न त खोजिएको होइन ? स्रोतका अनुसार फुडिमा शेर्पा लुटिएको भनिएको सुनको कारोबार मिलाउन ल्हासा गएको बुझिन आएको छ ।

## वित्तिय ...

व्यवसायीहरु घाटामाथि घाटाले डुबि रहँदा सरकारको समेत ध्यान जान नसकेको उनीहरुको गुनासो छ । यस्तै राष्ट्र बैंकले भर्खरै सार्वजनिक गरेको मौद्रिक नितिको अर्ध वार्षिक समिक्षाले २ करोड भन्दा तलका कर्जा भुक्तानीको पुनरसंरचना तथा पुनरतालिकीकरण असार मसान्तसम्म ब्याज भुक्तानी गर्न समय अवधि थप्नुले व्यवसायीलाई केही राहत मिलेको छ । यद्यपि ब्याजदर एकल अंकमा हुनुपर्छ भनेर अर्थ मन्त्रालय, राष्ट्र बैंकलाई पहलगर्दा पनि कुनै निकायले चासो नदेखाएको व्यवसायीहरु गुनासो गर्छन् ।

सिंगल डिजिटमा लिएको ब्याजदर हालआएर दोब्बर अंकमा हुदाँ ठुला घरानाको मुठ्ठीमा बैंक तथा वित्तीय क्षेत्र घुमेको उद्योगी व्यवसायीहरु बताउँछन् । लिलामीको डरले बैंकको ब्याजदर तिर्न नसकेर अप्रीय घटनाहरु घट्न सक्ने खतरा औंल्याउँछन् । सरकारले आर्थिक मौद्रिक निति लोककल्याणकारी हुनुपर्ने ब्याजदर सिंगल अंकमा हुनुपर्ने स्पेडदर २ प्रतिशत हुनुपर्ने ब्याजदरमा एकरुपता हुनुपर्ने, संकटग्रस्त व्यवसायीको पहिचान गरी राहत दिनुपर्ने लगायतका माग उद्योगी व्यवसायीले राखेका छन् । आफ्ना मागहरु सम्बोधन नभएमा फागुन ५ गतेदेखि अर्को आन्दोलनमा जाने उनीहरुको चेतावनी छ । देशमा नै केही गरी खान्छु भन्ने नागरिक या विदेशिनुपर्ने या त डरलाग्दो निर्णयमा पुग्नुपर्ने परिस्थिति नबढ्ला भन्न सकिन्न । देशमा रोजगारी र कलकारखाना बन्द हुनु भनेको दक्ष जनशक्ति पलायन हुनु हो । युवा पलायन गर्ने नीतिमा राज्य जिम्मेवार रहेबाट समस्या झन् विकराल बन्न सक्छ । देशमा काम गरेर खाने वातावरण छैन भन्ने धारणाले अझ बल पाउन सक्छ । यसले आर्थिक क्षेत्रमा निकै ठूलो संकट छाउने देखिइसकेको छ ।

## आइजी बढुवामा...

चरम विवादमा तानियो ।

यसपटक पनि आइजिपी नियुक्तिमा त्यस्तै हुने लक्षण देखिएको छ । आर्थिक चलखेलकै आधारमा नेपाल प्रहरीमा आइजिपी नियुक्तिका लागि बालुवाटार निकट बिचौलियाहरुको दौडधुप चलिरहेको स्रोतको दाबी छ । प्रधानमन्त्री तिनीहरुकै घेराबन्दीमा परिसकेको बालुवाटार स्रोत बताउँछ ।

खासगरी कार्यक्षमतामा कमजोर र कारबाही सिफारिस भएका बदनाम डिआइजीहरु बिचौलियामार्फत प्रधानमन्त्रीलाई प्रभावमा पार्ने प्रयासमा लागेका छन् । यसअघि पनि चलखेलकै आधारमा डिआइजी बढुवा भएर विवादमा तानिएको थियो ।

आइजी बढुवामा बसन्तबहादुर कुँवर, टेकप्रसाद राई, अशोक सिंह, दीपक थापा, श्यामलाल ज्ञवाली, किरण बज्राचार्य, सन्दीप भण्डारी, सुदीप गिरी, मिरा चौधरी, टेकबहादुर तामाङ, उमेशराज जोशी, टेकबहादुर तामाङ, भीमप्रसाद ढकाल, रामदत्त जोशी, पोषराज पोखरेल, बुद्धीराज गुरुङ, दुर्गा सिंह र किरण राणा प्रतिस्पर्धामा छन् ।

यो ब्याचका कुँवर, राई, ज्ञवाली भण्डारी, जोशी आइजिपीका दाबेदार मानिँदै आएका थिए । यो ब्याचका महिला अधिकृतहरु पनि अब्बल मानिन्छन् । यसपटक प्रहरीमा पहिलोपटक महिला नेतृत्व पुग्ने अवसर भएपनि महिलाहरुलाई पछि पार्न खोजिएको छ ।

अहिले एआइजीका तीन पद रिक्त छन् । जसमा पुराना ब्याचका तीन जना र एक विवादित डिआइजीले प्रधानमन्त्री निकट व्यक्तिहरुलाई प्रभावमा पार्ने प्रयास गरिरहेको स्रोत बताउँछ । प्रहरीमा फागुन ३ गते बुधबार एआइजीका पाँच दरबन्दी रिक्त हुँदैछन् ।

ती दरबन्दीमा बढुवाका लागि २० जना डिआइजीबीच प्रतिस्पर्धा छ । जसमा तीन जना आइजी धिरजप्रताप सिंहका ब्याची छन् । जसको जागिर एक महिना मात्र बाँकी छ । पछिल्लो ब्याचका डिआइजी पहुँचवाला भएकाले पुरानो ब्याचबाट अब बढुवा हुने सम्भावना कम रहेको बताइन्छ । प्रहरी महानिरीक्षक सिंहले एआइजी बढुवाबारे प्रधानमन्त्रीसँग छलफल थालिसकेको बताइन्छ ।

विगतमा विश्वराज पोखरेलले पनि यस्तै शैली अपनाएर एकल बढुवा भएका थिए । तर, पछि उनको संगठनबाटै अपमानजनक बिदाई हुन पुग्यो । प्रहरीमा बढी चलखेल गर्नेहरु काण्डमा फसेका छन् ।

पछिल्लो केही महिना प्रहरीमा सिष्टम बस्न थालेको थियो । तर, आइजिपी पद पैसामा बेचियो भने फेरि बदनामहरु हावी हुने र संगठन ध्वस्त हुने चिन्ता प्रहरी अधिकारीको छ । साथै यो कार्यकाल विगतको तुलनामा राम्रो गर्छु भनेर प्रतिबद्धता जनाएका प्रधानमन्त्री प्रचण्डका लागि पनि प्रहरीमा सुधारको अवसर छ । बढुवामा अनावश्यक चलखेल रोक्नु प्रहरी महानिरीक्षक सिंहको लागि पनि परीक्षाको विषय बनेको छ ।

## बल प्रयोग...

प्रहरी कर्मचारीको सक्रियता महत्वपूर्ण रहने उल्लेख गरे ।

द्दप्रहरी महानिरीक्षक सिंहले जिम्मेवारीलाई पूर्ण रुपमा सम्पादन गर्न निर्देशन पनि दिएका छन् । उनले हालैका घटनाको समीक्षा गर्दै सम्भावित घटनाको पूर्वानुमान गरी तयारी अवस्थामा रहन पनि उपत्यकाका प्रहरीहरुलाई निर्देशन दिए ।

आम नागरिकलाई राज्यको उपस्थितिको अनुभूति दिने संस्था भनेको प्रहरी नै भएको जनाउँदै प्रहरी महानिरीक्षक सिंहले भने, 'हालैका घटनाको समीक्षा गर्दै आगामी दिनमा हुनसक्ने घटनाको पूर्वानुमान गरी तयारी हालतमा रहन र आवश्यकता अनुरूप कानुनसम्मत तरिकाले बल प्रयोग गर्न नहिच्किचाउनु ।' उनले घटनालाई गम्भीरताका साथ लिएर संलग्नको पहिचान गरी कानुनी दायरामा ल्याउन प्रहरी चुक्न नहुने बताए ।

उनले ट्राफिक जाँचलाई अझ व्यवस्थित गराउनुपर्ने उल्लेख गर्दै आर्थिक पारदर्शितामा शून्य सहनशीलताको नीतिलाई अवलम्बन गरी सबै प्रहरी कर्मचारीले अत्यन्तै व्यावसायिक भएर जिम्मेवारी बहन गर्नुपर्ने बताए । फरार अभियुक्त पक्राउलाई अभियानकै रूपमा सञ्चालन गर्नुपर्ने तथा अपराध अनुसन्धानमा अझ बढी केन्द्रित र गम्भीर भएर कार्य गर्न पनि आग्रह गरे । समारोहमा काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक दिवेश लोहनीले सङ्गठन प्रमुखबाट प्राप्त निर्देशन कार्यान्वयनका लागि उपत्यका प्रहरी कार्यालय रानीपोखरी एवम् सोही कार्यालयअन्तर्गतका प्रहरी कार्यालयमा कार्यरत सम्पूर्ण प्रहरी कर्मचारी प्रतिबद्ध रहेको बताए ।

# विद्यार्थीको चाहना निर्वाचन

काठमाडौं । एमाले निकट अनेरास्ववियुको २३ औं राष्ट्रिय महाधिवेशन मंगलबारदेखि सुरू भएको छ । काठमाडौंको प्रज्ञा प्रतिष्ठानमा एमाले अध्यक्ष केपी शर्मा ओलीले उद्घाटन गरेको महाधिवेशनले १९९ सदस्यीय नयाँ केन्द्रीय कमिटी चयन गर्नेछ । नेतृत्वका लागि धेरै विद्यार्थी नेताहरुले आकांक्षा देखाएका छन् । तर नयाँ नेतृत्व निर्वाचन प्रक्रियामार्फत टुंग्याउने वा सहमति ? भन्नेमा आकांक्षीहरुबीच नै दुई मत छ ।

निर्वाचन प्रक्रियामा गए विद्युतीय भोटिङ मेसिनको प्रयोग गर्ने गरी तयारी भएको महाधिवेशन आयोजक कमिटीले जनाएको छ । तर, अनेरास्ववियुको माउ पार्टी नेकपा एमाले पार्टी नेतृत्व भने सकभर चुनाव भन्दा पनि सहमतिकै आधारमा नेतृत्व चयन गर्नुपर्ने चाहनामा छ ।

महाधिवेशनको उद्घाटन शत्रमा बोल्दै अध्यक्ष केपी शर्मा ओलीले नेतृत्वका लागि दाबी गरिरहेका (हाल उपाध्यक्ष रहेका) विद्यार्थी नेताहरूलाई संकेत गर्दै त्यसभन्दा मुनिकालाई नेतृत्व छाड्न आग्रह गरे । काम गर्ने परिस्थिति प्रतिकूल भए अर्कालाई नेतृत्व छाड्नु बुद्धिमानी हुने ओलीको भनाइ थियो ।

'हामी प्रतिस्पर्धा गर्छौं । त्यसको विभिन्न स्वरूप हुन्छ । प्रतिस्पर्धामा आफूभन्दा अर्को साथीले सहज ढङ्गले काम गर्नसक्ने परिस्थिति छ भने उसलाई छाडिदिनुपर्छ । प्रतिस्पर्धाबाट हटेको होइन । प्रतिस्पर्धालाई उन्नतस्तरबाट स्विकारिएको हो । मेरो भन्दा अर्को साथीको अवस्था अनुकूल छ। मेरो प्रतिकुल छ भने अर्कोलाई छाड्दिनुपर्छ' ओलीको भनाइ छ ।

महाधिवेशनमा उच्चस्तरीय समझदारी भएर नेतृत्व चयन हुनेमा आफू विश्वस्त रहेको समेत ओलीको भनाइ छ। उनले आसन्न स्ववियु निर्वाचनलाई समेत ध्यानमा राखेर अनेरास्ववियुको नेतृत्व छनोट हुनुपर्ने बताए ।

'अर्को ध्येय भनेको आसन्न स्ववियु निर्वाचन हो। चैत ५ गतेका लागि तोकिएको स्ववियु निर्वाचनमा अनेरास्ववियले वर्चस्व कायम गरोस् । जसका लागि अनेरास्ववियुको नेतृत्व निर्वाचनबाट नभई सहमतिको आधारमा होस् भन्ने हो', ओलीको स्पस्ट संकेत छ ।

त्यसो त अध्यक्ष ओलीले लोकतान्त्रिक प्रक्रियाका विभिन्न मोडलहरू हुने र ती मोडलहरूमध्ये पार्टीले एक वर्ष अघि चितवनमा गरेको पार्टीको दसौं महाधिवेशन र विधान महाधिवेशनको स्मरण समेत गराए ।

गत वर्ष चितवनमा भएको एमालेको दसौं महाधिवेशनमा अध्यक्ष ओलीले पुरै केन्द्रीय कमिटीको नाम पढेर सुनाएका थिए । तर ओलीले पढेर सुनाएको नामप्रति चित्त नबुझेपछि कतिपय नेताले उम्मेदवारी नै दिएर केही पदमा निर्वाचन समेत भएको थियो ।

'अध्यक्षज्यूले अनेरास्ववियुको नेतृत्व छनोटमा पनि एमालेको चितवन मोडल अपनाउन उपयुक्त हुने संकेत दिनुभयो । तर विद्यार्थीहरु त्यो मोडल स्वीकार्न तयार छैनन्,'एमालेका एक नेता भन्छन् ' चितवन मोडल लाद्ने सम्भावना पनि छ ।'

चुनाव भएको खण्डमा गुटबन्दी हुने र त्यसले स्ववियु निर्वाचनलाई समेत असर पर्ने अध्यक्ष ओलीको बुझाई छ । जसले गर्दा सहमतिबाटै नेतृत्व चयन होस् भन्ने चाहना ओलीले प्रकट गरेका हुन् । अध्यक्ष ओली मात्रै नभएर पार्टी महासचिव शंकर पोखरेलदेखि स्थायी कमिटी सदस्य भानुभक्त ढकालले समेत सहमतिबाटै नेतृत्व छनोट गर्नुपर्नेमा उभिएका छन् ।

तर, अनेरास्ववियुका नेता तथा कार्यकर्ता भने चुनाव हुनुपर्ने पक्षमा छन् । अध्यक्षका लागि वरिष्ठ उपाध्यक्ष आरसी लामिछाने, महासचिव समिक बडाल र उपाध्यक्ष मोति बिक (महेन्द्र) प्रमुख दाबेदार छन् । यसअघि आकाङ्क्षी देखिएका अर्का यम पाण्डेले अनेरास्ववियुको राजनीति नै नगर्ने घोषणा गरिसकेका छन् । २३ औं महाधिवेशनमा आफ्नो कुनै पनि पदमा दाबी नरहने उनको भनाई छ ।

पाण्डे ब्याक भएपछि तीन जना दाबेदार देखिएका छन् । यदि चुनाव भएको खण्डमा तीमध्ये लामिछाने र बडालबीच प्रतिस्पर्धा हुनेछ । तर, चुनावको सम्भावना निकै कम रहेको नेताहरूको संकेतले देखाउँछ । विद्यार्थी नेताहरूले भने अनेरास्ववियुमा हस्तक्षेप नगर्न पार्टी नेताहरूलाई अनुरोध गरेका छन् । उनीहरूले आफ्नो नेतृत्व आफैँले चुन्न पाउनुपर्ने र पार्टीले हस्तक्षेप गर्न नहुने बताएका हुन् ।

# राष्ट्रपतिको चुनावपछि प्रधानमन्त्री प्रचण्डको भारत भ्रमण

काठमाडौं । प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' राष्ट्रपतिको चुनावपछि मात्र भारत भ्रमणमा जाने भएका छन् । पुस १० गते प्रधानमन्त्रीमा नियुक्त भएका प्रचण्डको भारत भ्रमण यही फेब्रुअरीमा हुने गरी तयारी चलिरहेको थियो । तर, राष्ट्रपतिको चुनावलगायतका विषयले उनको भ्रमण पर धकेलिएको स्रोतले जनाएको छ ।

नेपाल भ्रमणमा आएका भारतीय विदेश सचिव विनयमोहन क्वात्राले भारत भ्रमणको विषयमा प्रधानमन्त्री प्रचण्डसँग छलफल गरेको भारतीय दूतावास स्रोतले जनाएको छ । प्रचण्डसँग क्वात्राले सोमबार भेटवार्ता गरेका थिए ।

स्रोतले भन्यो, 'विदेश सचिवले भारत भ्रमणको विषयमा चर्चा गर्नुभएको छ, निम्तो दिनुभएको छ । तर अहिले नेपालेका राजनीतिक अवस्था ठिक नभएको कारण मिति तय भएको छैन ।' स्रोतका अनुसार अहिले नै भारत भ्रमण गराउन सम्भव नहुने देखिएसँगै राष्ट्रपतिको चुनावपछि मात्र हुने गरी आन्तरिक तयारी थालिएको छ । आगामी २५ गते राष्ट्रपतिको चुनाव हुँदै छ त्यसअघि फागुन १३ मा मनोनयन दर्ता गर्ने कार्यक्रम छ। राष्ट्रपतिको उम्मेदवार को बन्ने भनेर राजनीति गर्माएको छ । कतिपयले राष्ट्रपतिको विवादले सत्ता समीकरण फेरबदल हुने आशङ्का समेत गर्दै आएका छन्। प्रचण्ड प्रधानमन्त्रीमा नियुक्त भएपछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पनि फोनमा बधाई तथा शुभकामना दिँदै भारत भ्रमणका लागि निम्तो दिएका थिए । त्यसको दुई तीन दिनपछि प्रधानमन्त्री प्रचण्डले स्वयं आफ्नो पहिलो विदेश भ्रमण भारतबाट हुनसक्ने बताएका थिए ।

# प्रहरी शक्तिशाली बन्दै

काठमाडौं । संसदमा दर्ता भएको सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धि केही ऐनलाई संशोधन गर्न बनेको बिधेयक पास भएमा नेपाल प्रहरी थप शक्तिशाली हुने भएको छ । विभिन्न ऐन संशोधन गरी प्रहरीलाई थप अधिकार दिन लागिएको छ ।

बिधेयकअनुसार हुन्डीसम्बन्धी अपराधको अनुसन्धान पनि अब प्रहरीले गर्ने भएको छर । यसअघि प्रस्ट कानुनी अन्योलका कारण यसको बलियो अनुसन्धान हुन सकेको थिएनर । मुलुकी अपराधसंहिता, २०७४ संशोधन गरी प्रहरीलाई यससम्बन्धी अपराधको अनुसन्धानको जिम्मेवारी तोकिन लागेको होर ।

मुलुकी अपराध संहितामा हुन्डीसम्बन्धि अपराध राखिएको छ। संहिताको दफा १२५(क)मा यससम्बन्धी प्रावधान राखिएको छर । जसमा हुन्डीसम्बन्धी कारोबार गर्न नहुने भनिएको छर । 'यस दफाको प्रयोजनका लागि हुन्डीसम्बन्धी कारोबार भन्नाले प्रचलित कानुनबमोजिम मान्यताप्राप्त संस्था र भुक्तानी उपकरणको माध्यमबाट बाहेक अन्य व्यक्ति, उपकरण वा अन्य कुनै पनि माध्यमबाट नेपालबाट विदेशमा वा विदेशबाट नेपालमा कुनै रकम वा मूल्य स्थानान्तर वा हिसाब मिलान वा भुक्तानी लिने, दिने वा हुने गरी व्यावसायिक रूपमा गरिने कारोबार सम्झनुपर्छर ।'

हाल धेरैजसो प्रहरी कार्यालयले हुन्डीसहित पक्राउ परेका व्यक्तिलाई कारबाहीका लागि राजस्व अनुसन्धान विभाग तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा पठाउँदै आएको छर । कतिपय प्रहरी कार्यालयले विदेशी विनिमय ऐनअनुसार मुद्दा चलाउँदै आएका छन्र ।

प्रस्ट कानुनी प्रावधान नभएका कारण यसबारे प्रहरीमै अन्योल थियोर । यो संहिता संशोधनसँगै प्रहरीलाई सहज हुने भएको छर । यस्तो अपराधमा बिगो र त्यसबाट बढे-बढाएको सम्पत्ति जफत गरी एक वर्षसम्म कैद सजायको प्रावधान राखिएको छर । त्यस्तै धितोपत्रसम्बन्धि ऐन संशोधन गरी कसैले धितोपत्रसम्बन्धि कसुर गरेमा प्रहरीले अनुसन्धान गर्ने उल्लेख छ ।

साथै, संहितामा गैरमुद्रा कारोबारसम्बन्धी अपराधलाई समेत समेटिएको छर । पछिल्लो समय क्रिप्टोकरेन्सीलगायत अपराध बढे पनि त्यससम्बन्धी प्रस्ट कानुन नहुँदा समस्या थियोर । मुलुकी अपराधसंहिता, २०७४ मा यसलाई समेटिएको छर । यसमा बिगो जफत गरी त्यसबराबर जरिवाना र पाँच वर्षसम्म कैद सजायको प्रस्ताव गरिएको छर । सम्पत्ति शुद्धीकरणसम्बन्धि विषयमा नेपाल कालोसूचीमा पर्न लागेपछि यसरी प्रहरीलाई थप अधिकार दिई विभिन्न कसुरको अनुसन्धानलाई प्रभावकारी बनाउन लागिएको हो ।